# अध्याय एक
# परिचय

यस अध्यायमा क्रमशः अध्ययनको पृष्ठभूमी, अध्ययन क्षेत्रको सन्दर्भ, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य र अध्ययनको सिमाङ्कन आदि समावेश गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्तिले सफल जीवन विताउन सहयोग गर्ने प्रमुख आधार ब्स्तम्भ नै शिक्षा हो । शिक्षाले मानिसको सम्पूर्ण विकास गर्न सहयोग गर्दछ । शिक्षाविद् डम्भिलको अनुसार शिक्षा कोक्रोबाट शुरु भएर चिहानमा मात्र समाप्त हुन्छ । मानिस सामाजिक प्राणी हो तसर्थ प्रत्येक बालबालिकालाई वर्तमान समय सापेक्ष बनाउन सामाजिक मूल्य मान्यता अनुरूप संस्कृति र परम्पराको बोध गराउने, शिक्षा उद्देश्य रहेको हुन्छ । शिक्षाले प्रत्येक बालकको व्यक्तिगत अवाश्यकता पुरा गरेर मात्र जिम्मेवारी पुरा हुँदैन । शिक्षाले बालकको सर्वाङ्गीर्ण विकास गराउनु पर्दछ (तिमिस्लिना, २०६३ : ९३) । यसरी शिक्षाको माध्यमबाट बालबालिकाको अन्तर्निहित प्रतिभाको विकास भई योग्य, दक्ष सक्षता तथा अवाश्यकता अनुकूलको नागरिक तयार गराउनु पर्दछ । शिक्षाले असल संस्कार, संस्कृति, बानी, व्यवहार शिष्टता, आपसी मेलमिलाप र सद्भावको विकास गर्नुपर्दछ । मावन अधिकारको संरक्षण गर्न सक्नुपर्दछ । लोकतान्त्रिक मूल्यमान्यता अनुरूप व्यक्तिको आन्तरिक भावनाको प्रस्फुटन गराइ देशलाई आवश्यक हुने मानवीय स्रोत साधनको विकास गरी प्रतिस्पर्धापूर्ण जीवनयापन गर्न सक्ने दक्ष सुशील र कर्तव्यनिष्ठ नागरिक तयार पार्न सक्नुपर्दछ । यसै अनुरूप मानवीय साधनको उत्पादन गर्न नागरिक शिक्षाको व्यवस्था गरिएको स्पष्ट हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक र कानुनी अधिकार र हक प्राप्त व्यक्तिलाई नागरिक भन्ने गरिन्छ । आफू रहेको राजनीतिक समुदायको सदस्यका रूपमा नागरिक हक र अधिकारका साथै कर्तव्य र दायित्व समेत हुन्छन् ।

“लोकतान्त्रिक समाजको सदस्यका रूपमा त्यस समाजमा आफ्नो अधिकारका साथसाथै कर्तव्य र दायित्व प्रति सचेत भई नागरिकको भूमिका निर्वाह गर्न सहयोग गर्ने शिक्षा नै नागरिक शिक्षा हो” (भट्टराई, पौडेल र साथीहरू, २०६७ : २५) । तसर्थ व्यक्तिलाई असल नागरिकका रूपमा स्थापित गर्न प्रदान गरिने शिक्षालाई नागरिक शिक्षा भनिन्छ । असल नागरिक देशभक्त, नैतिकवान, सहयोगी र कर्तव्यनिष्ठ हुन्छन् । नागरिक शिक्षाले व्यक्ति, परिवार समुदाय र राष्ट्रप्रति निर्वाह गर्नुपर्ने भूमिकाको वारेमा सजग र सम्वेदनशील बनाउँछ । नागरिक शिक्षाले व्यक्तिलाई स्वतन्त्रता प्रदान गर्दछ ।

शिक्षालाई व्यवहारिक एवंम जीवन सापेक्ष गराउने लक्ष्यका साथ राष्ट्रिय परम्परा, संस्कृति एवंम सामाजिक वातावरण तथा प्रजातान्त्रिक मूल्यमान्यतासँग परिचित स्वावलम्वी आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने, स्वास्थ्य, सक्षम र अनुशासित नागरिक तयार पार्ने उद्देश्य नेपालको शिक्षाको राष्ट्रिय लक्ष्यभित्र समावेश छ । अतः यहि परिवेशमा अशल नागरिक चरित्रको विकास गर्ने लक्ष्यका साथ विद्यालय शिक्षामा नागरिक शिक्षालाई समावेश गरिदै आएको छ । परम्परागत मूल्य, मान्यता, आस्था र नैतिकता ह्रास हुँदै गएको वर्तमान परिवेशमा नैतिक मुल्यमान्यता र आस्थाहरूको सम्बर्द्धन गर्दै असल चरित्र निर्माणका माध्मबाट समाजमा आनुकरणिय व्यवहार प्रदर्शन गर्ने, सभ्य र स्वाबलम्बी नागरिक तयार पार्ने उद्देश्यका साथ विद्यालय तहमा नागरिक शिक्षाको पाठ्यक्रम तयार गरिएको छ । नागरिक शिक्षा अर्न्तगत खासगरी दुईवटा पक्षहरू नागरिक शास्त्र र नैतिक शिक्षालाई समावेश गरिएको छ । नागरिकशास्त्र अन्तर्गत राष्ट्र, राष्ट्रियता, संविधान, प्रजातन्त्र, नागरिक कर्तव्य तथा व्यवहार जस्ता विषयवस्तुहरू समावेश गरिएको छ । त्यस्तै नैतिक शिक्षा अर्न्तगत धर्म र धार्मिक सहिष्णुता, नैतिकता र सामाजिक मुल्यमान्यता जस्ता पक्षहरू समावेश गरिएको छ ।

व्यक्तिको सर्वाङ्गीण विकासका लागि देशको बदलिदो परिवेश अनुसार नागरिकलाई शिक्षा दिनु राज्यको कर्तव्य हुन आउँछ । जसरी हामीले बालिनाली लगाउनुका साथ-साथै उचित पानीको तथा मलजलको व्यवस्था गर्नु आवश्यक हुन्छ । त्यसैगरी बालकको व्यक्तित्व र विकासमा पनि शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । अर्को शब्दमा भन्नुपर्दा शिक्षा विनाको जीवन अन्धकारमय हुन्छ । यसका साथ साथै देश विकासका लागि आवश्यक मानविय स्रोत तयार गर्ने प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गरी सामाजिक एकाई सुद्ढ बनाउन नागरिक शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नैतिकता आचरण र व्यवहारहरूलाई असल समाजको सफल नागरिक बनाउन नागरिक शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

प्राचिन समयमा धार्मिक शिक्षाले नागरिक शिक्षाको रूपमा काम गरेको देखिन्छ । तर वर्तमान समयमा नागरिक शिक्षालाई धार्मिक शिक्षासँग मात्र जोडेर पुग्दैन । हाल यसको क्षेत्र अत्यन्तै वृहत हुदै गएको छ । औपचारिक शिक्षा पद्धतिको विकास सँगसगै सामाजिक शिक्षा विषयले प्राथमिकता पाउदै आएको छ भने नागरिकशास्त्र ऐच्छिक विषयका रूपमा माध्यमिक तहमा पठन पाठन गरिदै आएको छ । ग्रिसकालिन समाजबाट नागरिकशास्त्रको सुरूवात भएको देखिन्छ । हाल विद्यालयमा अध्ययनरत विद्यार्थीहरू नै देशका कर्णधार जानकारी लिन सक्ने हैसियत रहेको हुन्छ । प्राचिन समयमा ग्रिसका स-साना नगर राज्यमा बस्नेहरूलाई नागरिक भनिन्थ्यो तर हाल जुनसुकै देशको सिमानाभित्र बसोबास गर्ने व्यक्तिलाई नागरिक भनिन्छ । ज्ञानपुञ्ज नागरिकसँग सम्बन्धित ज्ञानको अध्ययन भन्नु नै नागरिकशास्त्रको अध्ययन हो । त्यसकारण नागरिकशास्त्रको फराकिलो हुन पुगेको छ । त्यसकारण र के भन्न सकिन्छ भने व्यक्तिको व्यक्तिगत र सामाजिक जीवनको अध्ययन नै नागरिक शिक्षाको अध्ययन हो । व्यक्तिलाई सुखी समृद्ध र ज्ञानयोग्य बनाउनका लागि तथा भएको मुल्य मान्यताको विकास गर्नका लागि नागरिक शिक्षा जरुरी हुने गर्दछ ।

नेपालको संविधानले प्रदान गरेको मानव अधिकार तथा शिक्षाको समान अवसर प्रदान गर्ने उद्देश्यले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावद्वारा माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा र निम्न माध्यमिक तहमा अनिवार्य विषयका रूपमा नागरिकशास्त्र पठन-पाठन गराउन सुरूवात गरिएको छ । बदलिदो राजनैतिक परिवर्तन, मानव अधिकार सम्बन्धि बढ्दो चेतनाका कारण उक्त नागरिकशास्त्रको पाठ्यक्रममा आवश्यक परिमार्जन समेत गरी प्रभावकारी ढङ्गबाट पठनपाठन गराउन थालिएको छ ।

मानिसका लागि बाच्नुमात्र प्रयाप्त छैन । समाजमा बस्ने हरेक व्यक्तिले कुनै न कुनै किसिमले आफ्नो जीवनयापन नागरिकशास्त्रको सहयोगमा गर्न सक्दछ । त्यसकारण नागरिकशास्त्रको ज्ञान दिलाउनु अत्यन्तै वाञ्छनिय छ । समाजमा एकजना व्यक्ति मात्र अशान्त र अभद्र भएमा सिङ्गो समाजलाई नै असर पुग्दछ । यसको विपरित समाज वा समुदायका मानिसमा नागरिकशास्त्रमा ज्ञान भएमा समाजमा शान्ती, भाईचारा र सहयोगको वातावरण बन्दछ, जुन वातावरणमा बसेर मात्र व्यक्तिले ठूला-ठूला उन्नती र उपलब्धी हासिल गर्दछन् ।

नागरिक शिक्षाले हरेक नागरिकलाई देशको संविधान र ऐन कानुनले निर्धारण गरेको वैयक्तिक अधिकार प्रति सचेत गर्दछ । हरेक व्यक्तिलाई कर्तब्य र दायित्व प्रति सचेत रहन र व्यवहार गर्न सिकाउदँछ । यसमा परिवार समाज वा राज्यको नीति नियम तथा कानुनको पालना गर्ने अरुको विचार वा भावनाको कदर गर्ने, सार्वजनिक हितको कार्यमा चनाखो रहने आदि विषयवस्तुहरू पर्दछन् । यसका साथै इमान्दार विश्वासिलो र सहिष्णु बन्ने, कर तिर्ने, मतदान गर्ने, विश्व समुदायमा घटेका घट्ना प्रति सकारात्मक रहने र नराम्रा सामाजिक परम्परा र कुरितीहरूलाई हटाउँदै जाने जस्ता व्यवहारहरू पर्दछन् । कुनै पनि भौगोलिक क्षेत्रभित्र राजनैतिक आर्थिक, सामाजिक तथा कानुनी हक र अधिकार प्राप्त व्यक्तिलाई मात्र नागरिक भन्ने गरिन्छ । आफू रहेको समुदायमा नागरिकका विभिन्न कर्तव्य र दायित्वहरू हुने गर्दछन् । जसलाई पूरा गराउने काम नागरिक शिक्षाले गर्दछ । अतः यस अध्यायमा नागरिक शिक्षाको अवधारण आवश्यकता प्रष्ट गराउने प्रयास गरिएको छ ।

बालबालिकाहरूले नागरिक शिक्षाको सिद्धान्त घरबाटै दिनानुदिन अनुभव गरिरहेको  विषयवस्तुको सहयोगमा सिक्दछन् । यसरी बालबालिकाहरूले स्थाानिय निकायबाट नै विशिष्ट नागरिक शिक्षा पाए तापनि पर्याप्त हुँदैन । यो अवस्थामा नागरिक शिक्षा प्रदान गर्नको लागि औपचारिक संघ संस्थाको आवश्यकता पर्दछ । उक्त ठाउँमा उनीहरूले जीवनमा आवश्यक पर्ने नियमहरू सिक्ने अवसर प्राप्त गर्दछन् । विद्यालयले नागरिक शिक्षाको लिखित र अलिखित पाठयक्रम तयार पारेको हुन्छ । (कोइराला र आचार्य २००२) का अनुसार साभार नागरिक शिक्षाले हरेक नागरिकलाई देशको संविधान र ऐन कानुनले निर्धारण गरेको वैयक्तिक अधिकार प्रति सचेत गराउँछ । हरेक व्यक्तिलाई कर्तव्य र दायित्वप्रति सचेत भई सो अनुसारको व्यवहार गर्ने परिवार, समूह, समुदाय समाज वा राज्यको नियम तथा कानुनको पालना गर्ने, अरुको विचार र भावनको कदर गर्ने,

सार्वजनिक कार्यहरू, आर्थिक, सामाजिक गतिविधिमा सक्रिय र चनाखो रहने, इमान्दार विश्वासिलो र सहिष्णु बन्ने , कर तिर्ने, मतदान गर्ने, विश्व समुदायमा घटेका घट्ननाहरूप्रति सचेत रहने सामाजिक र सांस्कृतिक विविधता प्रति सकारात्मक रहने र नराम्रा सामाजिक परम्परा र कुरीतिलाई हटाउँदै जाने जस्ता व्यवहारहरू पर्दछन् ।

## १.२ अध्ययन क्षेत्रको पृष्ठभूमि

नेपाल चीन र भारतको बीचमा रहेको भुपरिवेष्टित देश हो । यसको औषत पूर्व-पश्चिम लम्बाई लगभग ८८५ कि. मि.र चौडाई १४५ देखि २४१ कि.मि.सम्म फैलिएको छ । यसलाई भौगोलिक क्षेत्रका आधारमा हिमाल, पहाड र तराई गरी ३ भागमा विभाजन गरिएको छ । जसमा समुन्द्री सतहदेखी करिब ३०० मि. देखी ८८४८ मि. उचाईको सगरमाथासम्म रहेको छ । नेपाललाई राजनैतिक रूपमा ३९१५ गा.वि.स, ५८ न.पा., ७५ जिल्ला, १४ अञ्चल र ५ विकास क्षेत्रमा विभाजन गरिएको छ ।

तेह्रथुम जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा रहेको छ । जुन नेपालका ७५ वटा जिल्ला मध्ये एक हो । यसमा एउटा निर्वाचन क्षेत्र र ३२ वटा गा. वि. स. रहेका छन् । यो जिल्लाको सिमाना पूर्वमा पाचँथर र ताप्लेजुङ पश्चिममा धनकुटा र उत्तरमा संखुवासभा र दक्षिणमा धनकुटा, र पाचँथर जिल्ला रहेका छन् । यो जिल्ला एतिहासिक, पर्यटनका लागि सम्भाव्य र प्राकृतिक सम्पदाका दृष्टिकोणले धनी र साँस्कृतिक हिसावले विविधता भएको जिल्लाको रूपमा रहेको छ । यसको उचाई, हावापानी र भौगोलिक अवस्था फरक-फरक छ ।

तेह्रथुम जिल्लाभित्र रहेका ३२ वटा गा. वि. स. मध्ये जलजले गा.वि. स एक हो । जुन गा.वि.स. जिल्लाको सदरमुकाम देखी करिब ५ कि.मि. उत्तरमा अवस्थित छ । यसको पूर्वमा सिम्ले, पश्चिम र उत्तरमा ओयाकजुङ तथा दक्षिणमा तम्फुला गा.वि.स. रहेका छन् । यो एउटा कृषि योग्य र प्राकृतिक स्रोत साधनले सम्पन्न गा.वि.स.का रूपमा रहेको छ । यस गा.वि.स.मा बस्ने मानिसहरूको मुख्य आम्दानीको स्रोतहरूमा कृषि (धान, मकै, कोदो, गहुँ, आलु आदि) र पशुपालन (गाई, भैसी, बाखा, कुखुरा, सुगुर आदि । रहेका छन् । यसका साथै यो गा.वि.स. नगदे बालिका दृष्टिकोणले पनि उपयुक्त रहेको छ । यस गा.वि.स. का मुख्य नगदे वालिहरूमा अदुवा, अलैची, अम्रिसो आदि छन् । यस गा.वि.स.मा करिब ८४३ घरधुरीमा ५००७ जनसंख्या बसोवास गर्दछन् । जसमा करिब ५१ घरधुरी दलित, ४२८ घरधुरी जनजाती र बाँकी ३६४ घरधुरी माथिल्लो जातिका रहेमा छन् करिब ५० प्रतिशत घरधुरीहरू गरिबीको रेखामुनि रहेको पाइन्छ । यस गा.वि.स को मुख्य खानेपानीको स्रोत पाइपबाट आउने खानेपानी हो भने मुख्य रूपमा सौर्य उर्जा तथा बिजुली बति उज्यालोका लागि प्रयोग गरिन्छ (देउराली सोसाइटी जलजले, २००९) ।

यसै अध्ययनका लागि जलजले गा.वि.स. को वडा नं. १ मा अवस्थित श्री शंकर उच्च मा.वि. जलजले र बडा नं. ५ मा रहेको श्री ग्राम सुधार मा.वि. छनोट गरिएको छ । यी दुवै विद्यालयमा नागरिकशास्त्रको पठनपाठन हुने गरेको देखिन्छ । जिल्लाको पुरानो उच्च मा.वि.को रूपमा रहेको भएकाले पनि होला यस विद्यालयमा माध्यमिक

तहसम्मको पढाइका लागि छिमेकी सिम्ले तथा ओयाकजुङ्ग गा.वि.स.का विद्यार्थी र सोही गा.वि.स.को वडा नं. ५ को पूरा भाग र वडा नं. ४ र ६ का केही भाग वाहेक सबै क्षेत्रबाट विद्यार्थीहरू आउने गरेका छन् । बाँकी वडा नं. ५ तथा वडा नं. ४ र ६ का केही भागहरूबाट भने श्री ग्राम सुधार मा.वि.मा विद्यार्थीहरू आउने गर्दछन् । श्री शंकर उच्च मा.वि.मा कक्षा ११ र १२ को अध्ययन गर्नका लागि ३ वटा गा.वि.स.हरू जलजले ओयाकजुङग र सिम्ले गा.वि.स.बाट विद्यार्थीहरू आउने गर्दछन् । त्यसकारण यो गा.वि.स. शैक्षिक विकासका दृष्टिकोणले अगाडी देखिन्छ ।

## १.३ समस्याको कथन

नागरिक शिक्षाका बारेमा शिक्षा ऐन, नियमावली, समुदाय, शिक्षक, अभिभावक, विद्यार्थी, सरोकारवालाहरू आदिबाट गरिएका प्रयासहरूको खोजी गर्नु, उनीहरूको विचार तथा अवधारणहरू पत्ता लगाउनुसँग यो अध्ययन सम्बन्धित छ । राष्ट्र र प्रजातन्त्र प्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति जागरुक, भाषिक व्यवहारमा सक्षम र कामप्रति सकारात्मक प्रकृति भएका, स्वास्थ्य, स्वावलम्वी एवम् चरित्रवान नागरिक तयार पार्ने माध्यमिक शिक्षाको उद्देश्य अनुरूप राष्ट्रिय शिक्षा आयोग २०४९ अनुसार २०५० सालमा निर्माण भई विद्यालय तहमा नागरिकशिक्षा लागु भइरहेको छ । विद्यालय तहको पाठ्यक्रम ढाँचामा समसामायिक परिवर्तन गरी सामाजिक विकृति विरुद्ध जुध्न सक्ने एवम् प्रजातान्त्रिक मूल्य मान्यता र संस्कार अनुरूपको व्यवहार गर्न सक्ने सचेत नागरिक तयार गर्ने उद्देश्य अनुरूप नागरिक शिक्षा प्रदान गर्नका लागि विद्यालय तहको पाठ्यक्रम निर्माण गरिएको छ ।

बालकको सर्वाङ्गीण विकास गर्नको लागि नैतिकता, अनुशासन सचरित्रता, आदर, सत्कार जस्ता गुणहरूको विकास हुन जरुरी छ । नेपालका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूमा उक्त गुणहरूको विकास होस् भन्ने उद्देश्यले माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा नागरिकशास्त्र विषयको व्यवस्था गरिएको पाइन्छ । विद्यालय तहमा नागरिक शिक्षा प्रदान गर्न के कस्ता नीतिगत प्रावधानहरू छन् ? नागरिक शिक्षा प्रदान गर्न विद्यालयले गरेका क्रियाकलापहरू के-के छन् ? र सरोकारवालाका पक्षबाट भएका प्रयासहरू के कस्ता छन् ? जस्ता समस्याहरूमा केन्द्रित भई प्रस्तुत अनुसन्धान सञ्चालन गरिएको छ । तसर्थ यस अध्ययन "नागरिक शिक्षाको लागि विद्यालय तहमा गरिएका प्रयासहरू" शीर्षक राखि निम्न लिखित अनुसन्धान प्रश्नहरूको जवाफ खोजि गर्न केन्द्रित रहेको थियो ।

(क) विद्यालय तहमा नागरिक शिक्षासँग सम्बन्धित समाजका प्राथमिकताहरू छन् ?

(ख) नागरिक शिक्षाको लागि विद्यालयका पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तुको क्षेत्रहरू के कस्ता छन् ?

(ग) नागरिक शिक्षासम्बन्धी विद्यालयले के-के क्रियाकलापहरू गरिरहेका छन् ?

(घ) ती क्रियाकलापहरू कसरी सञ्चालन गरिरहेका छन् ?

(ङ) नागरिक शिक्षासम्बन्धी सरोकारवालाहरूको धारणा के कस्तो रहेको छ ?

## १.४ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन नागरिक शिक्षाको लागि माध्यमिक तहमा गरिएका प्रयासहरू पहिचान गर्नुसँग सम्बन्धित रहेको छ । नागरिक शिक्षा विशेष गरि विद्यालयमा यसको सार्थकता, पारस्पारिक सहयोग एवम् प्रेम, सामाजिक भावना, असल बानीको विकास लोकतन्त्र, मताधिकारको सदुपयोग, कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका जस्ता असल नागरिकमा नभइ नहुने ज्ञान र सीप हासिल गराउने खालका विषयवस्तु समावेश गरी निर्माण गरिएको छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा आफ्नो अधिकार र कर्तव्यको पालना गर्न सक्ने विश्व वन्धुत्वको भावना सृजना गर्न सक्ने, प्रजातान्त्रिक मुल्य र मान्यतालाई संस्थागत गर्न सक्ने, सहयोगी एवम् मिलनसार आचरण निर्माण गर्न सक्ने जस्ता व्यवहार निर्माणमा नागरिक शिक्षाले सहयोग गर्ने अपेक्षा राखिएको पाईन्छ । तसर्थ यो अध्ययन पनि माध्यमिक तहमा रहेको नागरिक शिक्षाका नीतिगत प्रयासहरू, यस विषयमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू, नागरिक शिक्षाका लागि विद्यालयमा भएका प्रयासहरूका वारेमा खोजी गर्न केन्द्रित रहेको छ ।

कुनै पनि अध्ययनको आ-आफ्नो किसिमको महत्त्व एवम् अस्थित्व रहेको हुन्छ, जसले सम्बन्धित समस्याको क्षेत्रमा पून खोजी गर्न वा समस्या समाधानको लागि मार्ग निर्देशन गर्ने उद्देश्य राखेको हुन्छ । तसर्थ यस अध्ययनको महत्त्व वा औचित्यलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ ।

१. यस अध्ययनले नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरू यसमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू, यसको प्रवर्द्धनका लागि विद्यालयमा गरिएका कार्यहरूको बारेमा सम्बन्धित विद्यालयलाई आवश्यक सूचना प्रदान गरि सुधार एवम् थप कार्यक्रम निर्माणका लागि आवश्यक सहयोग गर्ने अपेक्षा गरिएको छ ।

२. यस अध्ययनले नागरिक शिक्षामा समावेश गरिएका विषयवस्तुहरूको क्षेत्र पहिचान गरी यसमा समावेश गरिएका विषयवस्तुहरू, समावेश गर्न नसकिएका विषयवस्तुहरूको वारेमा आवश्यक सूचना उपलब्ध गराई सम्बन्धित विषयका पाठ्यक्रम निर्माताहरूलाई सुधार वा आवश्यक संसोधन गर्नको लागि आंशिक रूपमा भए पनि सूचना उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

३. यस अध्ययनले विद्यालय तहको नागरिक शिक्षामा आधारित भई थप अध्ययन गर्न चाहने व्यक्ति एवम् सङ्घसंस्थाहरूलाई अध्ययन गर्नको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्ने अपेक्षा गरिएको छ ।

४. वर्तमान शिक्षाका नीतिगत प्रावधानहरूका सन्दर्भमा शिक्षक अभिभावक, प्रधानाध्यापकको धारणाको वारेमा सम्बन्धित निकायलाई आवश्यक सूचनाहरू प्रदान गर्ने अपेक्षा गरिरएको छ ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य नागरिक शिक्षाका लागि गरिएका प्रयासहरूका स्थिति पहिचान गर्नु रहेको छ । यस अध्ययनका केहि विशिष्ट उद्देश्यहरू निम्न लिखित छन् ।

१. नागरिक शिक्षास्सँग सम्बन्धित समाजका प्राथमिकताहरू पहिचान गर्नु ।

२. नागरिक शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू पहिचान गर्नु ।

३. विद्यालयमा नागरिक शिक्षाका लागि गरिएका कार्यहरू पहिचान गर्नु ।

## १.६ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन अनुसन्धान कार्य संचालन गर्नका लागि विविध पक्षमा ध्यान दिनुपर्ने हुन्छ । अनुसन्धान कार्यका लागि स्रोत साधन र समयको आवश्यकता पर्दछ । यी पक्षहरूको कमी भएमा अध्ययन अगाडी बढाउन सकिदैन । तसर्थ सीमित स्रोत र साधनलाई अध्ययनमा समावेश गर्दै निम्न लिखित सीमाभित्र रहेर यस अध्ययनलाई अगाडी बढाइएको छ ।

(क) यो अध्ययन तेह्रथुम जिल्लाको जलजले गा.वि.स मा अवस्थित दुई वटा माध्यमिक विद्यालयमा मात्र सीमित रहेको छ ।

(ख) यो अध्ययन दुईवटा मा.वि.का कक्षा ९ र १० मा भएका क्रियाकलापमा मात्र सीमित छ ।

(ग) यो अध्ययन २०६६ र २०६७ सालको शैक्षिक क्रियाकलाहरूपमा मात्र केन्द्रित गरिएको छ ।

(घ) यो अध्ययनलाई नागरिक शिक्षाका लागि गरिएका सकारात्मक प्रयासहरूमा मात्र सीमित गरिएको छ ।

(ङ) यो अध्ययनले विद्यालयभित्र गरिएका क्रियाकलापहरूलाई मात्र समेटेको छ ।

# अध्याय दुई
# पूर्वसाहित्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान संचालन गर्नुभन्दा अगाडी त्यस क्षेत्रसँग सम्बन्धित विषयवस्तुका बारेमा के कस्ता खोज तथा अनुसन्धान भएका छन् भन्ने कुराको समेत जानकारी हुनु पर्दछ । यसले अनुसन्धानकर्तालाई सम्बन्धित विषयवस्तुका बारेमा उठेका प्रश्नहरूको जवाफ खोज्न समेत सहयोग पुऱ्याउने काम गर्दछ । यस अध्ययनसँग सम्बन्धित केही विषयबस्तुहरूको समीक्षा निम्न लिखित उप-शीर्षकहरूमा गरिएको छ ।

## २.१ सैद्धान्तिक खाका

संयुक्त राष्ट्रसङ्घको वडापत्र (१९६६) को धारा ४९ मा उल्लेख भए अनुसार, मानव अधिकार र नैसर्गिक अधिकारको पालनाको लागि प्रयास गर्ने उत्तर दायित्व रहने कुरा उल्लेख गरिएको छ । जस अनुसार मानव अधिकारका सर्म्पूण सदस्यहरूमा अन्तरनिहित मर्यादा तथा नैसर्गिक अधिकारको मान्यता नै विश्वमा स्वतन्त्र, न्याय र शान्तिको आधार हुने उल्लेख छ । उक्त घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्र उपभोग गरिरहेका मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको साथै नागरिक अधिकारको प्राप्ति सँगसँगै पुरा हुने देखिन्छ । साथ साथै मानव अधिकार तथा स्वतन्त्रताको विश्वव्यापी सम्मान एवम् पालनालाई प्रर्वद्धन गर्ने दायित्वको विचार र विवेकपूर्ण प्रयासको जरुरी हुने कुरा उक्त घोषणा पत्रमा औल्याइएको छ ।

Plato का अनुसार असमानता र अन्यायप्रति सचेत हुनु नै नागरिक शिक्षा हो । यो भनाइ अनुसार नागरिक शिक्षाले सबैलाई समानता प्रदान गर्दछ । न्यायोचित विचार आदान प्रदान गर्न सहयोग गराउँदछ । समाजमा सामाजिक चेतनाको विकास गराउँदछ । यसका लागि राष्ट्रले समानता र न्याय प्रदान गर्न सक्ने खालको नीति नियम र मापदण्डहरू निर्माण गर्नुपर्दछ । प्लेटोका यी धारणाहरू नागरिक शिक्षाका लागि सकारात्मक छन् तापनि मेरो विचारमा यसले नागरिक शिक्षाको सबै क्षेत्रलाई संवोधन गर्न सक्दैनन् । नागरिक शिक्षाले समाज र राज्यको असल नागरिक भएर बाँच्नका लागि आवश्यक सम्पूर्ण ज्ञान, सीप अनुभव र क्षमताप्रति पनि सचेत गराउन सक्नु पर्दछ । जसले खराव कुराहरूको अन्त्य गरी असल कुराहरूलाई बढुवा दिन सकोस् ।

Aristotle का अनुसार, स्वतन्त्रता र समानता नै नागरिक शिक्षा हो । अरस्तुको यो भनाई पनि प्लेटोले माथि उल्लेख गरेको विचारसँग मिल्दो जुल्दो देखिन्छ । उनको यो विचार अनुसार प्रजातन्त्रको अभ्यासमा राज्यले प्रत्येक नागरिकलाई स्वतन्त्रता र समानता प्रदान गरेको हुन्छ । जसको लागि प्रत्येक व्यक्ति र राजनीतिक समुदायबीच कार्य भारमा सहकार्य हुन्छ । विचारमा स्वतन्त्रता हुन्छ । अभिव्यक्तिमा स्वतन्त्रता शान्तिपूर्ण सहभासिगतामा स्वतन्त्रता हुन्छ । रोजगारी, पेशा, व्यापार, व्यावसायमा स्वतन्त्रता हुन्छ । जसले नागरिक शिक्षाको अनुभूति प्रदान गर्दछ । उनको विचारमा स्वतन्त्रताको सीमा र क्षेत्र भन्ने निर्धारण गर्न आवश्यक मानिन्छ । यसरी स्वतन्त्रता प्रदान गर्ने तर स्वतन्त्रताको क्षेत्र र सीमा निर्धारण नगर्ने हो भने नागरिक शिक्षाले असल नागरिकभन्दा बढी खराब नागरिक उत्पादन गर्न पनि पछि नपर्ला भन्न सकिन्न ।

Standard Encyclopedia of Philosophy का अनुसार नागरिक शिक्षा राजनीतिसँग सम्बन्धित शिक्षा हो, जसले राजनीतिक सहभागिताको लागि आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्दछ । राजनीतिक व्यवस्था निरङ्कुश, दमनात्मक र प्रजातान्त्रिक विभिन्न प्रकारको हुन्छन् । राजनीतिको प्रकृति र स्वरुप अनुरुप आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्ने काम नागरिक शिक्षाको हो । निरङकुश र दमनात्मक प्रकृतिको राजनीतिमा नागरिक शिक्षा पनि दमनात्मक र लाद्ने प्रक्रियाले प्रदान गरिन्छ । प्रजातान्त्रिक कक्षाहरूमा नागरिक शिक्षा पनि स्वीकारात्मक प्रक्रियाले प्रदान गरिन्छ । यस अर्थमा विद्यालयमा नागरिक शिक्षा दमनात्मक र स्वीकारात्मक दुई तरिकाले प्रदान गर्ने गरिन्छ । दमनात्मक विधि, परम्परागत एकलवादी र शिक्षक केन्द्रित हुन्छ । उकल वादी समाजमा राजनीतिक सहभागीता नगन्य  र सीमित मात्रामा हुने हुँदा नागरिक शिक्षालाई सीमित र सङ्कुचित अर्थमा परिभाषित गरिएको पाइन्छ । प्रजातान्त्रिक प्रत्रिया हुनुको लागि कक्षाका बालमैत्री वातावरणको विद्यार्थी केन्द्रित विधिको प्रयोग अनिवार्य हुन्छ । विद्यार्थीहरू आफूले पढ्ने विषयवस्तु र क्रियाकलापहरू उनिहरूको रुचि चाहनाका अनुरुप सञ्चालन गरिन्छ । यसमा विद्यार्थी स्वयम्लाई सत्य-असत्य, ठिक-बेठिक, असल-खराव, अधिकरा, कर्तव्यहरूको बारेमा निर्णय गर्ने अधिकार र अभयास गर्ने स्वतन्त्रता प्रदान गरिएको हुन्छ । यस किसिमको स्वतन्त्रता खुल्ला बहुदलवादी र प्रजातान्त्रिक समाजमा सम्भव छ । यस्तो समाजमा नागरिकहरू बढीभन्दा बढी राजनीतिक सहभागिता हुने भएकोले नगागरिक शिक्षालाई पनि व्यापक अर्थमा परिभाषित गर्ने गरेको पाइन्छ । तर खुल्ला समाज हुँदैमा कक्षाकोठामा भित्र खुल्ला र प्रजातान्त्रिक वातावरण भइहाल्छ भनेर एकिन गर्न सकिँदैन ।

## २.२ विषयगत समीक्षा

नागरिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको, स्वैच्छिक प्रोटोकल (१९६६) का अनुसार कुनै पनि पक्ष राष्ट्रले उल्लेखित अधिकारहरूको उल्लंघन गर्न नपाउने उल्लेख गरिएको छ । उक्त प्रतिज्ञापत्रमा उल्लेखित अधिकारको कुनै पनि राष्ट्रले उल्लंघन गरी आफू पिडित भएको दावी गर्ने व्यक्तिबाट आफ्नो अधिकार क्षेत्रभित्र रहेर सूचना प्राप्त गर्ने तथा त्यस माथी विचार गर्ने समितिको सक्षमता स्वीकार गरिएको छ ।

निम्न माध्यमिक शिक्षा पाठ्यक्रम (२०६३) अनुसार शिक्षालाई व्यवहारिक एंवम जीवन सापेक्षा गराई राष्ट्रिय परम्परा, संस्कृति एंवम जीवन सापेक्ष गराईले उल्लेख छ। यसका साथ साथै राष्ट्रिय परम्परा र संस्कति एवंम सामाजिक वातावरणको विकास, प्रजातान्त्रिक मूल्य मान्यतासँग परिचित, स्वावलम्वी, आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने, स्वाथ्य, सक्षम र अनुशासित नागरिक तयार गर्ने उद्देश्य राखिएको छ। साथसाथै असल चरित्र निर्माणका माध्यमद्वारा, समाजमा अनुकरणिय व्यावहार प्रदर्शन गर्ने, सभ्य र स्वावलम्बी नागरिक तयार गर्ने परम्परागत मुल्यमान्यता, आस्था र नैतिकताको निर्माण गर्ने उद्देश्यले यो तहको पाठ्यक्रम निर्माण गरिएको छ।

प्राचीन समयमा धार्मिक शिक्षाले नागरिक शिक्षाको कार्य गर्ने गरेको पाईन्छ। अर्को शब्दमा के भन्न सकिन्छ भने ग्रीसकालिन समाजबाट नागरिकशास्त्रको शुरुवात भएको हो। जसमा विद्यालयको तल्लो तहबाट विद्यार्थीलाई राज्यको संरचना र राज्य सम्बन्धी आधारभूत जानकारी दिन सम्भव भएको छ। नेपालमा औपचारिक शिक्षा पद्धतिसँग सामाजिक शिक्षा र नैतिक शिक्षाका विषयवस्तुले नागरिक शिक्षाको रूपमा प्राथमिकता पाउँदै आएका छन्।

नेपालको वर्तमान संविधानद्वारा सुरक्षित मानव अधिकार तथा शिक्षामा समान अवसर प्रदान गर्ने हेतुले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावअनुसार निम्न माध्यमिक तहमा अनिवार्य र माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा नागरिकशास्त्र विषयको पढाई भएको पाइन्छ।

माध्यमिक तहको नागरिकशास्त्र विषयको पाठ्यपुस्तकमा मानिस सामाजिक प्राणी भएको कारण एक्लै वस्न नसक्ने र बसेपनि त्यो पूर्ण नहुने कुरा उल्लेख गरिएको छ। आजको समाज तथा मनुश्य धेरै जटिल भएका कारण समाज असामान्य र वृहत भै सकेको छ। त्यसकारण समाजमा एक अर्कासँग मिलेर बस्नुपर्दछ। समाजमा छिमेकीसित मिलेर बस्नु विद्यालयमा शिक्षक साथी आदिसँग मेलमिलापपूर्ण ढङ्गले बस्ने ज्ञानको विकास गराउनु आदिलाई नागरिकशास्त्रको उद्देश्यभित्र समावेश गरिएको छ। मानव तनावपूर्ण अवस्थामा जीवन बिताउन बाध्य भएका कारण एक अर्काको हित आवश्यकता र भावनालाई बुझेर सहयोगात्मक काम गरियो भने मात्र सुखी र शान्त हुने देखिन्छ।

वि.सं. २०६३ को ऐतिहासिक जनआन्दोलनका उपलब्धिका रूपमा २०६३ सालदेखी एस.एल.सी परीक्षामा कक्षा १० को पाठ्यपुस्तकबाट मात्र मूल्याङ्कन गरिने भएको कारण यसका विषयवस्तुको व्यापक परिमार्जन गरिएको छ।

परिवारसँग मिलेर बस्नु, छरछिमेकमा छिमेकीहरूसित तथा विद्यालय र क्याम्पस स्तरमा शिक्षक प्रधानाध्यापक र सहपाठीहरूसित मिलेर व्यवहार गर्नु, किनमेलका लागि बजार पसल जाँदा प्रत्येकलाई एक अर्कासित बोलचाल, बोली व्यवहार लेनदेन सबै गनुपर्छ। हामी चिन्ता, रिस, अशान्ती र तनावको जीवन बिताउन बाध्य हुन्छौ। यो अवस्था कसैका लागि प्रिय हुदैन। यसको विपरीत हामी सबै एक अर्काको हित आवश्यकता र भावनालाई बुझेर सहयोगात्मक भावनाले काम गरियो भने मात्र हाम्रो सामाजिक जीवन सुखी शान्तिपूर्ण हुन सक्ने देखिन्छ।

२.२.१ अन्तराष्ट्रिय सन्दर्भको साहित्य

The International Encyclopedia of Education (1995) मा उल्लेख भए अनुसार नागरिक शिक्षा भन्नाले नागरिकताको विकास, नागरिकको समाजमा सकारात्मक दृष्टिकोण र सकारात्मक मूल्यमान्यताको प्राप्तिसँग सम्बन्धित छ । नागरिक शिक्षाले सामाजिक संस्कार र सामुहिक सहयोगको बारेमा छलफल र सामाजिक सेवामा संलग्न गराउन र देश र समाजप्रति जिम्मेवार बनाउन सहयोग गर्दछ ।

नागरिक शिक्षाका विषयवस्तु र क्षेत्रहरू राष्ट्र अनुसार फरक-फरक भएको पाईन्छ । जुन देश आफ्नो छिमेकी राष्ट्रसँग राजनीतिक र वैचारिक युद्धमा रहेको हुन्छ, त्यस देशमा राष्ट्र प्रेम र परम्परागत सभ्यतालाई महत्त्व दिइन्छ । अन्य देशहरूमा नागरिक शिक्षालाई संस्कार र नैतिक शिक्षाको रूपमा लिइन्छ । पश्चिमी मुलुकहरूमा नागरिक शिक्षाको बारेमा विभिन्न धारणाहरू रहेका छन् । नागरिक शिक्षालाई देशभक्ति, राष्ट्रिय गौरब बढाउने माध्यमको रूपमा, मान्यतामा चल्न र आधुनिक प्रजातान्त्रिक व्यवस्थामा सक्रिय रूपमा राख्ने साधनका रूपमा लिएका छन् ।

पश्चिमी यूरोपेली मुलुकहरूले नागरिक शिक्षालाई विभिन्न तरिकाले व्याख्या गरेका छन् । संयुक्त अधिराज्यको परम्परागतवादी सरकारले १९८० देखी १९९० को दशकमा त्यहाँको सांस्कृतिक शिक्षा, सामाजिक चालचलन र सामाजिक समस्याहरूलाई महत्त्व दिएको थियो । त्यसैगरी संयुक्त अधिकार, लैङ्गिक समानता, सत्यप्रतिको आदरभाव, न्याय र मानविय त्याग आदि जस्ता कुरा समेटिएको थियो । यहि कुरा अष्ट्रेलियाले पनि आफ्नो नागरिक शिक्षामा समावेश गरेको देखिन्छ ।

पूर्वी युरोप र सोभियत संघमा समावेश राष्ट्रहरू तथा प्रान्तहरूमा नागरिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा १९९० पश्चात प्रजातन्त्र, सहित्णुता र सामाजिकीकरण जस्ता कुराबाट प्रभावित भएको देखिन्छ । त्यसैगरी पश्चिमी देशहरूमा नागरिक शिक्षाले राष्ट्र निर्माणको लागि व्यक्तिगत सम्बन्धको मूल्यलाई जोड दिएको पाईन्छ । धेरै जसो एशियाली राष्ट्रहरूको नागरिक शिक्षामा राष्ट्रप्रति वफादार, दैनिक जीवनमा आइपर्ने कुराहरू व्यक्तिगत आचरण तथा कुशल व्यवहार निर्माण गर्ने शिक्षासँग सम्बन्धित छन् । सन् १९५३ को गृहयुद्ध पछि दक्षिण कोरियामा शिक्षाको आधार भनेको त्यहाँको रीतिरिवाज, राष्ट्रियता र साम्यवादी विचार विरुद्धमा थियो ।

चीनको सन्दर्भमा भन्नुपर्दा त्यहाँको शिक्षामा समानता तथा नयाँ संरचनागत मूल्यमा जोड दिएको पाईन्छ । चिनको शिक्षाका प्राथमिक उद्देश्यहरू मुख्यत साम्यवादी विचार र नैतिक शिक्षामा आधारित छन् । जस्तै परिश्रमप्रतिको असल भावना, मितव्ययिता तथा ठिक र वेठिक छुट्टयाउन सक्ने क्षमताको विकास गर्ने कुरामा जोड दिएको छ । दास्रो विश्वयुद्ध पछि जापानले पनि नागरिक शिक्षामा जोड दिएको पाईन्छ । जापानी शिक्षाविद्हरूले एशियाका औद्योगिक राष्ट्रहरूलाई स्कुलको माध्यमबाट नैतिक शिक्षाको विकास, गराउन प्रतिवद्ध गराए जसको माध्यमबाट विद्यार्थीहरूलाई आधुनिक समाज र प्रजातन्त्र, प्रजातान्त्रिक सरकारको संगठन र व्यवस्थापिका आर्थिक तथा औद्योगिक

संरचना जस्ता विषयमा जोड दियो । त्यसैगरी अफ्रिकाको शिक्षा मन्त्रालयले राष्ट्र विकासको लागि सामाजिक शिक्षा, वातावरणीय प्रभाव, उत्पन्न समस्याहरूको समाधान गर्ने खालका सीपहरूको विकासमा जोड दियो । त्यहाँको नागरिक शिक्षा र राष्ट्र विकासको उत्थान, सामाजिक संरचना र आत्म निर्भरतामा आधारित सबै कुराहरूका साथै सामाजिक अध्ययन, शिक्षामा आधारित ईतिहास र भूगोल जस्ता विषयवस्तुहरूलाई पनि नागरिक शिक्षा भित्र समेटिएको पाईन्छ ।

२.२.२ नेपाली सर्न्दभका साहित्य

श्रेष्ठ र घिमिरे (२०६४) द्वारा लिखित माध्यमिक तहको कक्षा ९ को पाठ्यपुस्तकमा उल्लेख भए अनुसार नागरिकशास्त्रको परिचय र परिभाषा नागरिक शास्त्रको क्षेत्र, नागरिकशास्त्रको अरु सामाजिक शास्त्रसँगको सम्बन्ध र नेपालमा नागरिकता प्राप्त गर्ने आधार सम्बन्धी कुराहरू समावेश गरिएको छ । त्यसै गरी अधिकार र कर्तव्यको परिभाषा सम्बन्धी कुराहरू उल्लेख गरिएको छ । अधिकार र कर्तव्य एक अर्काका परिपूरक छन् भन्ने कुराहरू पनि समावेश गरिएको छ । साथै यसमा मानव अधिकारका कुरालाई पनि समेटिएको छ । राज्यका बारेमा भन्नुपर्दा राज्यको अर्थ र परिभाषा, राज्यका लागि आवश्यक तत्वहरू र राज्यका कार्यहरू सम्बन्धी विषयवस्तुहरू नागरिकशास्त्रले समेटेको छ । राज्य उत्पतिका सिद्धान्तहरू भित्र दैवी सिद्धान्त, शाक्तिमा आधारित सिद्धान्त र विकासवादी सिद्धान्तहरूलाई समावेश गरी त्यसको बारेमा शासन प्रणालीअन्तर्गत लोकतन्त्रको बारेमा सामान्य परिचय, लोकतन्त्रको लागि भएका प्रयासहरूलाई पनि समावेश गरिएको छ । लोकतन्त्रमा हुने लोकतान्त्रिक दलहरूको परिचय राजनीतिक दलको गठन र उद्देश्य राजनीतिक दलका किसिम र कार्यहरू र राजनीतिक दल दर्तासम्बन्धी विषयमा पनि जानकारी दिने र सो विषयमा सुझबुझको विकास गर्ने कुरा समावेश गरिएको छ । त्यसैगरी बहुदलीय व्यवस्थाको वारेमा जानकारी दिन नेपालमा बहुदलिय व्यवस्थाको विकास अन्तर्गतको २००७ सालको जनआन्दोलन २०१७ सालको दलमाथिको प्रतिबन्ध सम्बन्धी विषयवस्तुलाई समेटेको पाईन्छ । सरकार र यसका अङ्गहरू सम्बन्धी विषयवस्तुको अध्ययन अध्यापन गराउने उद्देश्यले सरकारको परिचय र किसिमका बारेमा विषयवस्तु समावेश गरेको पाईन्छ । त्यसै गरी व्यवस्थापिकासम्बन्धी ज्ञान दिन व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार र व्यवस्थापिका संस्‌दसम्बन्धी विषयवस्तुलाई समावेश गरिएको देखिन्छ । न्यायपालिका सम्बन्धी विषयका वारेमा भन्नुपर्दा यसको परिचय, महत्त्व, गठन र तह साथै न्यायपालिकाको कार्य र अधिकारका कुराहरूलाई पनि राखिएको पाईन्छ । सोही वमोजिम कार्यपालिकाको सन्दर्भमा भन्नुपर्दा कार्यपालिकाको गठन, यसको काम, कर्तव्य र अधिकारका बारेमा पनि जानकारीहरू समावेश गरिएको छ । यस अन्तर्गत संविधानको अर्थ र परिभाषा, संविधानको वर्गिकरण, संविधानको स्रोत र त्यसका आवश्यक तत्वहरूका साथै राम्रो देशमा हुने संविधानका बारेमा समेत जानकारी दिन खोजिएको छ ।

न्यौपाने (२०६७) द्वारा लिखित माध्यमिक शिक्षाको दर्पणमा उल्लेख भएअनुसार माध्यमिक तहको कक्षा १० को नागरिकशास्त्रको सार्वभौमिकता अन्तर्गत, सार्वभौमिकताको अर्थ र परिभाषा, यसका विशेषताहरू र नेपाल एक सार्वभौम सम्पन्न राज्य सम्बन्धी विषयवस्तुहरू समावेश गरिएको पाईन्छ । स्वतन्त्रता र समानताका

सन्दर्भमा भन्नुपर्दा यस अन्तर्गत स्वतन्त्रताको पृष्ठभूमि र अर्थ, समानताको परिभाषा, स्वतन्त्रता र समानताको सम्बन्ध र नागरिक जीवनमा स्वतन्त्रता र समानताको महत्त्वलाई पनि उल्लेख गरिएको देखिन्छ । कानुनका सन्दर्भमा भन्नुपर्दा कानुनको अर्थ र परिभाषा कानुनको किसिमहरू कानुनको स्रोतहरू र मुलुकको ऐन र यसका विशेषताहरू पनि समावेश गरेको पाईन्छ । यस पुस्तकमा निर्वाचनको अर्थ र परिभाषा, निर्वाचनको आवश्यकता र हाम्रो निर्वाचन प्रक्रिया के कस्तो रहेको छ भनि विद्यार्थीहरूलाई बुझाउनका लागि यो विषयवस्तुलाई समावेश गरिएको पाईन्छ । जनमतका सन्दर्भमा भन्नुपर्दा जनमतको परिचय, जनताका लागि आवश्यक सर्तहरू, यसका माध्यमहरू, नेपालमा २०३६ सालको जनमत सङ्ग्रह र स्थानिय स्वायत्त शासन सम्बन्धी जानकारी दिन खोजिएकोले यसमा स्थानिय स्वायत्त शासनको अर्थ र महत्त्व, गाउँ विकास समिति तथा नगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार नगर विकास समिति, उपमहानगरपालीका तथा महानगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार, जिल्ला विकास समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कुरालाई समेटिएको पाईन्छ । परराष्ट्र नीतिसम्बन्धी कुरा गर्दा परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरू परराष्ट्र नीतका आधारहरू, परराष्ट्र नीतिको महत्त्व र हाम्रो असंलग्न परराष्ट्र नीतिसम्बन्धी विषयवस्तु पनि बारेमा पनि समावेश गरिएको देखिन्छ । त्यसैगरी संयुक्त राष्ट्र सङ्घ र दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन सार्क सम्बन्धी पनि जानकारी दिनका लागि संयुक्त राष्ट्र सङ्घको उद्देश्यहरू, संयुक्त राष्ट्रसङ्घको विशेष समितिहरू नेपालको विकास कार्यमा संयुक्र राष्ट्रसङ्घको सहयोग अन्तराष्ट्रिय शान्ती स्थापनामा नेपालको योगदान, सार्क र्सगठनका उद्देश्यहरू र सार्कको गठन र कार्यहरूलाई समावेश गरिएको पाईन्छ । यस विषयमा स्थानिय स्वायत्त शासन सम्बन्धी पनि विद्यार्थीहरूलाई जानकारी दिन खोजिएकोले यसमा स्थानिय स्वायत्त शासनको अर्थ, महत्त्व, गाँउ विकास समिति तथा नगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार र नगर विकास समिति त्यस्तै गरी उपमहानगरपालिका तथा महानगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार जिल्ला समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कुरालाई समेटिएको पाईन्छ । परराष्ट्र नीतिसम्बन्धी कुरा गर्दा परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरू परराष्ट्र नीतिका आधारहरू परराष्ट्र नीतिको महत्त्व र हाम्रो असंलग्न परराष्ट्र नीतिसम्बन्धी विषयवस्तु पनि समावेश गरिएको देखिन्छ । त्यसै गरी संयुक्त राष्ट्रसङ्घ र दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन सार्क सम्बन्धि जानकारी दिनका लागि संयुक्त राष्ट्रसङ्घको उद्देश्यहरू, संयुक्त राष्ट्रसङ्घको विशेष समितिहरू, नेपालको विकास कार्यमा संयुक्त राष्ट्रसङ्घको सहयोग अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान, सार्क संगठनका उद्देश्यहरू र सार्कको गठन र कार्यहरूलाई समावेश गरिएको पाईन्छ । यस्तै संयुक्त राष्ट्रसङ्घका अङ्गहरूका वारेमा जानकारी दिनका लागि यसको महासभा, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद्, अन्तर्राष्ट्रिय न्यायलय संरक्षण आदि समावेश गरी विद्यार्थीहरूलाई नागरिकशास्त्र सम्बन्धी ज्ञान दिन खोजिएको देखिन्छ । यसरी समग्रमा भन्नुपर्दा नेपालको सन्दर्भमा कक्षा ९ र १० को नागरिक शिक्षाको पाठ्यक्रमले ६ प्रकारका विषयवस्तुका क्षेत्रहरू समेटेको पाइयो, जुन यसप्रकार छन् :

(क) राज्यसँग सम्बन्धित विषयवस्तुहरू

(ख)	नागरिकतासँग सम्बन्धित विषयवस्तुहरू

(ग)	कानुनसँग सम्बन्धित विषयवस्तुहरू

(घ)	सरकारसँग सम्बन्धित विषयवस्तुहरू

(ङ)	व्यवस्थासँग सम्बन्धित विषयवस्तुहरू

(च)	अन्तराष्ट्रिय कुराहरूसँग सम्बन्धित कुराहरू समेटिएको पाईन्छ ।

कक्षा ९ र १० को नागरिक शिक्षाको पाठ्यक्रमले नागरिक अधिकार र कर्तव्यलाई जोड दिएको पाइयो । त्यसै गरी यस पाठ्यक्रमले स्वतन्त्रता र समानता, राष्ट्रको कानुन साथै राज्य र यसको उत्पतिका सिद्धान्तलाई अनुकरण गरेको पाइयो । नेपालको लोकतान्त्रिक शासन प्रणाली राजनीतिकदल तथा राज्य र यसका अङ्गहरूलाई समेत जोड दिएको पाइयो ।

## २.३ सम्बन्धित अध्ययनको समीक्षा


अमेरिकन सेन्टर (२००२) का अनुसार नागरिक शिक्षाका बारेमा विभिन्न धारणाहरू दिइएको पाईन्छ । ती धारणाहरू प्रतिको उत्तरदायित्व बहन गर्न, असहज परिस्थितिमा समेत नागरिक शिक्षाले मानिसलाई आफ्नो परम्परागत मूल्य मान्यता कसरी क्षयिकरण भयो भन्ने कुरामा चासो दिन सक्दछन् । आफ्नो र अरुको नागरिक मूल्य मान्यता बीच अध्ययन गर्न पनि सक्दछन् । आफ्नो दैनिक जीवनको उत्तरदायित्व बारेको ज्ञान प्राप्त हुन्छ । शैक्षिक ज्योती नामक द्विमासिक (२०६०, मंसिर-पुस) पत्रिकामा प्रकासित दामोदार ज्ञावालीद्वारा लिखित नेपालमा नागरिक शिक्षा पाठ्यक्रम शिक्षण र अन्य गतिविधिहरू शीर्षकमा लेखिएको लेखमा नागरिक शिक्षाको बारेमा प्रकाश पार्दै भनिएको छ "नागरिक शिक्षाको ग्रीसकालिन अवधारणा संकुचित रहेको कुरा उल्लेख गर्दै नगरमा बस्ने मानिसमात्र नागरिक नभएर गाँउमा बस्ने पनि नागरिक हुन् भन्ने कुरालाई प्रष्ट्याउँदै नागरिक शब्दले ग्रामिण क्षेत्रमा बस्नेलाई समेत समेट्नुपर्छ भनिएको छ, जुन कुरालाई सार्थक रूपमा अंगिकार गर्न सकिन्छ  भनेका छन् । नागरिक शिक्षा मानव अधिकार शिक्षासँग सम्बन्धित हुने हुँदा यसले विभिन्न महत्त्वपूर्ण गुणहरू, सामाजिक, नैतिक उत्तरदायित्व, समुदायको सहभागिता, राजनीतिक साक्षरता आदिको विकास गराउँछ ।

उपयुक्त लेखले नागरिक शिक्षाको महत्त्व र आवश्यकता लाई महसुश गर्दै नागरिक शिक्षालाई प्राप्त पार्न खोजेको देखिन्छ भने मानिसमा असल गुणको विकास हुने कुरालाई नागरिक शिक्षासँग सम्बन्धित मानिएको छ ।

२.४ अध्ययनको अवधारणात्मक खाका

अध्ययन अनुसन्धानका लागि आवश्यक भावि योजनालाई अध्ययनको अवधारणात्मक खाका भनिन्छ । यसलाई अध्ययनको रुपरेखा र ढाँचा पनि भनिन्छ । कुनै पनि अध्ययनलाई प्रभावकारी ढंगले अगाडि बढाउन त्यस अध्ययनसँग सम्बन्धित, विषयवस्तुलाई समेटेर चित्रात्मक रुपमा ढाँचा प्रस्तुत गरेमा अध्ययनको अवधारणा प्रष्ट हुन जान्छ । यसले अधययनको लागि निश्चित आधारहरु प्रदान गर्दछ । त्यसको लागि अवधारणात्मक ढाँचा निर्माण गर्न आवश्यक मानिन्छ । अध्ययनको अवधारणात्मक ढाँचाले अनुसन्धान कार्य सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्दछ । यस अधययनलाई चित्रमा सम्पन्न गर्नका लागि निम्न लिखित अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ ।

अध्ययनको रूपरेखा




यसरी माथी उल्लेख गरिएको अवधारणात्मक ढाँचाको आधारमा असल नागरिकका‌लागि माध्यमिक विद्यालयमा भएको नागरिक शिक्षासँग सम्बन्धित मूल्यमान्यताहरू, विषयवस्तुहरू र क्रियाकलापहरूसँग सम्बन्धित विवरणहरू संकलन गरिएको थियो ।

# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययन समस्यालाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने तरिका एवम् उपाय नै अध्ययन/अनुसन्धान विधि हो । अध्ययन विधिको जानकारीबाट कुनै पनि समस्याको बारेमा वैज्ञानिक तरिकाले खोज गर्ने तरिकाको बारेमा बुझाइको विकास हुन्छ । यस अध्ययनलाई पनि प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि छनोटमा परेका समस्यालाई आधार मानेर समस्याको छनोटदेखि विश्लेषण र निष्कर्षसम्म पुग्न निम्न लिखित निश्चित तरिका, एवम् उपायहरू अवलम्बन गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान ढाँचाले कुनै पनि खोजसँग सम्बन्धित के, कहाँ, कहिले, कति मात्रामा आदि जस्ता प्रश्नको उत्तरहरू स्पष्ट रूपमा प्रदान गर्नुपर्छ । यस अध्ययनमा पनि यी प्रश्नहरूको जवाफ विशेष गरी गुणात्मक अनुसन्धानमा विधिमा आधारित भई गरिएको छ । यसका साथै आवश्यकता अनुसार परिमाणात्मक अनुसन्धानको पनि उपयोग गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा यस अध्ययनको मुख्य ढाँचा गुणात्मक रहेको छ भने, आवश्यकता अनुसार परिमाणात्मक ढाँचाको पनि प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमा के, कहाँ, कसरी र कसबाट आदि जस्ता प्रश्नको उत्तर खोजी गर्न निम्न तालिकाले सहयोग पुऱ्याएको छ ।

| क्र.सं. | अध्ययनका उद्देश्यहरू | सूचनाका स्रोतहरू | सूचनाका संकलनका साधनहरू |
|---|---|---|---|
| १ | नागरिक शिक्षासँग सम्बन्धि समाजका प्राथमिकता पहिचान गर्नु । | प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, स्रोतव्यक्ति | अन्तर्वार्ता फारम, प्रश्नावली, छलफल |
| २ | नागरिक शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू पहिचान गर्नु । | प्र.अ., शिक्षक, स्रोतव्यक्ति | प्रश्नावली, अन्तर्वार्ता |

| | | | |
|---|---|---|---|
| ३ | विद्यालयीय नागरिक शिक्षाका लागि गरिएका कार्यहरू पहिचान गर्नु, | प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. सदस्यहरू स्रोतव्यक्ति | छलफल, अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल |

## ३.२ नमूना छनोट

प्रस्तुत अध्ययनको लागि अध्ययन क्षेत्रको रूपमा तेह्रथुम जिल्लालाई लिइएको छ । यस अध्ययनमा तेह्रथुम जिल्लामा अवस्थित दुईवटा माध्यमिक विद्यालयहरूलाई छनोट गरिएको थियो । उक्त छनोटमा परेका विद्यालयहरूका माध्यमिक तहमा अध्ययनरत विद्यार्थी, शिक्षक, प्र.अ. अभिभावक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र स्रोत व्यक्ति यस अध्ययनको जनसंख्याका रूपमा रहेका थिए । यस अध्ययनका लागि आवश्यक सम्पूर्ण पक्षहरू जस्तैः विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू र स्रोतव्यक्तिको छनोट निम्न लिखित नमुना छनोट विधिका आधारमा छनोट गरिएको थियो ।

### ३.२.१ विद्यालयको छनोट

प्रस्तुत अध्ययनमा उद्देश्यअनुरूप सूचनाहरू संकलन गर्नका लागि तेह्रथुम जिल्ला जलजले गा.वि.स. मा अवस्थित श्री शंकर उच्च मा.वि. र श्री ग्राम सुधार माध्यमिक विद्यालयलाई सुविधाजनक विधिको आधारमा छनोट गरिएको थियो । माध्यमिक विद्यालय नागरिकशास्त्र विषय पढाइ हुने विद्यालयमा छनोट गर्नुपर्ने र यी विद्यालयहरूमा सो विषयको पढाई संचालन भएकोले सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरिएको थियो ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नको लागि भएका नीतिगत प्रावधानहरू पहिचान गर्न र नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालय तहमा भएका प्रयास बारेमा जानकारी लिन छनोटमा परेका दुवै विद्यालयहरूका प्र.अ.लाई स्वतः छनोट गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनोट

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नको लागि भएका नीतिगत प्रावधानहरू पहिचान गर्न र नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालय तहमा गरिएका प्रयासहरू पहिचान गर्नको लागि छनोटमा परेका विद्यालयका माध्यमिक तह (कक्षा नौं र दश) मा अध्यापनरत सबै बाईस जना शिक्षकहरूलाई स्वतः छनोट गरिएको थियो ।

### ३.२.४ विद्यार्थीको छनोट

नमुना छनोटमा परेका प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये छात्र र छात्राहरूको समान सहभागिता सुनिश्चित हुने गरी कक्षा नौंबाट दश जना र कक्षा दशबाट दश जना पर्ने गरी जम्मा चालिसजना विद्यार्थीहरू सामान्य सम्भाव्यता नमुना छनोट विधिका आधारमा छनोट गरियो ।

### ३.२.५ विद्यालय व्यवस्थापन समितिको सदस्यहरूको छनोट

प्रस्तुत अध्ययनमा छनोटमा परेका विद्यालयहरूमा गठन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूलाई यस अध्ययनको स्वतः छनोट गरियो । उक्त छनोटमा परेका प्रत्येक विद्यालयका व्यवस्थापन समितिका सदस्यहरूलाई छुट्टाछुट्टै समूहमा राखि छलफल  गरियो ।

### ३.२.६ निरीक्षकको छनोट

प्रस्तुत अध्ययनमा उद्देश्य अनुरूप आवश्यक सूचनाहरू संकलन गर्नको लागि छनोटमा परेको विद्यालयको स्रोतकेन्द्रको स्रोत व्यक्तिलाई स्वतः छनोट गरियो । विद्यलायको स्रोतव्यक्तिलाई निरीक्षण तथा रेखदेखको जिम्मेवारी सुम्पिएको कारणले स्रोतव्यक्तिको छनोट गरियो ।

## ३.३ अध्ययनका औजारहरूको निर्माण

यस अध्ययनका लागि उद्देश्य अनुरूप सूचना संकलन गर्नका लागि निम्न अनुसार सूचना संकलनका साधनहरूको निर्माण गरिएका थियो ।

### ३.३.१ दस्तावेज अध्ययन

प्रस्तुत अध्ययनमा उद्देश्य अनुरूप सूचना संकलन गर्नको लागि सूचना संकलनको द्वितीय स्रोतको रूपमा दस्तावेज अध्ययन गरिएको थियो । यस अधययनमा नागरिक शिक्षा प्रदान गर्नको लागि व्यवस्था गरिएका नीतिगत प्रावधानहरू पहिचान गर्न, नेपालको अन्तरिम संविधान २०६३ र नेपालका विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरूको अध्ययन गरिएको थियो । यसै गरी नागरिक शिक्षा प्रदान गर्नका लागि पाठ्यक्रम पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरूको क्षेत्र पहिचान गर्नको लागि कक्षा नौं र दशको सामाजिक अध्ययन र नागरिकशास्त्र विषयलाई दस्तावेजका रूपमा अध्ययन गरिएको थियो ।

### ३.३.२ प्रधानाध्यापकका लागि अन्तर्वार्ता निर्देशिका

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नका लागि निर्माण भएका नीतिगत प्रावधानहरू र सो सम्बन्धी धारणा पहिचान गर्न, पाठ्यक्रममा समावेश विषयवस्तुहरूप्रति धारणा पहिचान गर्न र विद्यालयले गरेका क्रियाकलापहरू पहिचान गर्नको लागि छनोट भएका दुवै विद्यालयका प्रधानाध्यापकहरूलाई अन्तर्वार्ता निर्देशिका आधारमा अन्तर्वार्ता सञ्चालन गरियो । प्रधानाध्यापकहरूलाई तयार पारिएको अन्तर्वार्ता निर्देशिका अनुसूची २.१ मा राखिएको छ ।

३.३.३ शिक्षकका लागि प्रश्नावली निर्देशिका

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नका लागि बनेका नीतिगत प्रावधानहरू, पाठ्यक्रम, पाठ्युस्तकमा समावेश विषयवस्तुहरू, विद्यालयमा सञ्चालित क्रियाकलापहरू र नीतिहरू प्रति शिक्षकहरूको धारणा पहिचान गर्नको लागि आवश्यक सूचनाहरूको संकलन प्रश्नावली निर्माण गरी गरिएको थियो । उक्त प्रश्नावली अनुसूची २.२ मा राखिएको छ ।

### ३.३.४ विद्यार्थीको लागि खुल्ला प्रश्नावली निर्देशिका

प्रस्तुत अनुसन्धानको लागि विद्यालयमा गरिने नागरिक शिक्षासम्बन्धी क्रियाकलाप, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश विषयवस्तुसँग सम्बन्धी भई विद्यार्थीको लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.३.५ विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

प्रस्तुत अध्ययन माध्यमिक तहका विद्यार्थीहरूको धारणा र नागरिक शिक्षा प्रदान गर्न विद्यालयमा सञ्चालन गरिएका कार्यहरू पहिचान गर्नको संचालन गरिएको हो । यसका लागि समूह छलफल निर्देशिका निर्माण गरी छलफल सञ्चालन गरियो । यसरी छलफल सञ्चालन गर्दा दुवै विद्यालयमा छनोटमा परेका विद्यार्थीहरूलाई अलग-अलग रूपमा लक्षित समूह छलफल सञ्चालन गरियो । विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका अनुसूची २.४ मा राखिएको छ ।

### ३.३.६ विद्यालय व्यवस्थापन समितिका सदस्यहरूसँग समूह छलफल निर्देशिका

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नको लागि निर्माण गरिएका नीतिगत प्रावधानहरू र सो प्रतिको धारणा बुझ्न र विद्यालयमा सञ्चालन गरिएका कार्यक्रमहरू र सो प्रति धारणा पहिचान गर्नको लागि आवश्यक सूचनाहरू दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको अलग अलग समूह छलफल सञ्चालन गरियो । समूह छलफल निर्देशिका अनुसूची २.५ मा राखिएको छ ।

### ३.३.७ स्रोतव्यक्तिको लागि अन्तर्वार्ता निर्देशिका

प्रस्तुत अध्ययनमा नागरिक शिक्षा प्रदान गर्नको लागि स्थापित नीतिगत प्रावधानहरू पाठ्यक्रममा समावेश विषयवस्तुहरू प्रतिको धारणा र विद्यालयमा सञ्चालित कार्यक्रमहरू पहिचान गर्न अन्तर्वार्ता निर्देशिका निर्माण गरिएको थियो । उक्त अन्तर्वार्ता निर्देशिकाको सहायताले स्रोत व्यक्तिबाट आवश्यक सूचनाहरू संकलन गरियो । अन्तर्वार्ता निर्देशिका २.६ मा राखिएको छ ।

### ३.३.८ अध्ययनका साधनहरूको वैद्यता निर्धारण

प्रस्तुत अध्ययनमा उद्देश्य अनुरूप सूचना संकलन गर्न अन्तर्वार्ता, निर्देशिका, प्रश्नावली, लक्षित समूह छलफल, निर्देशिका आदि निर्माण गरियो । उक्त निर्माण गरिएका साधनहरूलाई सर्वप्रथम सहपाठीहरू बीच छलफल गरी आवश्यक परिमार्जन गरियो । उक्त परिमार्जन गरिएका साधनहरू शोध निर्देशकको प्रत्यक्ष राय, सल्लाह र सुझाव अनुसार अन्तिम रूप दिई सूचना संकलन गर्नको लागि प्रयोग गरिएको थिया ।

### ३.४ सूचना संकलन प्रक्रिया

प्रस्तुत अध्ययनको उद्देश्य अनुरूप सूचना संकलन गर्नको लागि अनुसन्धानकर्ता आफैं अध्ययन क्षेत्रमा उपस्थित भई सूचना संकलन गरिएको थियो । अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा स्वयम् उपस्थित भई अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल निर्देशिका, प्रश्नावली आदिको सहायताले शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबाट सूचनाहरू संकलन गरियो । यसैगरी अनुसन्धानकर्ताले नागरिक शिक्षा प्रदान गर्न निर्माण गरिएका नीतिगत प्रावधानहरू पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश विषयवस्तुहरूसँग सम्बन्धित सूचनाहरू दस्तावेज अध्ययनको सहायताले संकलन गरियो ।

### ३.५ सूचनाको विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनका लागि आवश्यक सूचनाहरूको पर्ने संकलन गरिसकेपछि त्यसलाई एकीकृत गर्न समूहकृत गर्ने कार्य गरियो । यसपछि उक्त सूचनाहरूलाई उद्देश्य अनुरूप विभिन्न उप-शीर्षकहरूमा छुट्याएर राखियो । उक्त छुट्याएर राखिएको सुचनाहरूलाई वर्णनात्मक तरिकाले विश्लेषण र व्याख्या गरियो ।

### ३.६ नैतिकताको पक्षहरू

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू संकलन गर्दा प्राप्त सूचनाहरू उत्तरदाताको गोपनीयता सम्बन्धी अधिकारलाई ख्याल गर्दै सुरक्षित राखिएको छ । उत्तरदाताको मूल्य, मान्यता एवम् गोपनीयतालाई सुरक्षित राखि अनुसन्धान, प्रतिवेदन तयार पारिएको छ । उनिहरूको व्यक्तिगत जीवनमा आँच आउने सूचनाहरूलाई गोप्य राखिएको छ । साथै व्यक्तिगत पहिचान खुल्ने गरी विषयवस्तु समावेश गरिएको छैन् । अन्त्यमा खोज कार्यमा सहयोग गरेकोमा सम्बन्धित पक्षहरूलाई धन्यवाद प्रदान गरिएको छ ।

# अध्याय चार
## सूचनाहरूको विश्लेषण र व्याख्या

विद्यालय तहमा राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक वातावरणप्रति जागरुक, प्रजातान्त्रिक मान्यता र संस्कार अनुरूपको व्यवहार गर्न सक्ने, सचेत नागरिक तयार पार्ने उद्देश्यले नागरिक तथा नैतिक शिक्षाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको छ । विद्यालय तहमा कार्यान्वयन गरिएको माध्यामिक तहको नागरिक शिक्षाका लागि विद्यालय तहमा गरिएका प्रयासहरू पहिचान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन तेह्रथुम जिल्ला जलजले गा.वि.स. मा अवस्थित श्री शंकर उच्च मा.वि. र श्री ग्राम सुधार माध्यामिक विद्यालय गरी दुईवटा विद्यालयहरूमा संञ्चालन गरियो । यस अध्ययनमा नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरू, प्राठ्यक्रममा समावेश विषयवस्तुका क्षेत्रहरू र सरोकारवालाहरूको धारणा तथा यसका लागि विद्यालयमा गरिएका क्रियाकलापहरू पहिचान गर्नका लागि शिक्षक, विद्यार्थी, प्र.अ., विद्यालय व्यवस्थापन समितिका सदस्यहरू स्रोतव्यक्ति र अभिभावकलाई प्राथमिक सूचनाको स्रोतका रूपमा लिई अन्तवार्ता निर्देशिका प्रश्नावली, लक्षित समूह छलफल निर्देशिकाको सहायताले आवश्यक सूचनाहरू सङ्कलन गरियो । उक्त सङ्कलित सूचनाहरूको व्याख्या तथा विश्लेषण उद्देश्य अनुसार छुट्टाछुट्टै रूपमा निम्नानुसार गरिएको छ । त्यसैगरी द्वितीय सूचना संकलन स्रोतहरुको पनि प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको थियो ।

### ४.१ नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरू

विद्यालय तहमा नागरिक शिक्षा प्रदान गर्नको लागि विभिन्न दस्तावेजहरूमा समावेश गरिएका नीति नियमहरूको वर्तमान अवस्था र उक्त नीतिनियमहरूप्रति सरोकारवालाहरूको धारणालाई निम्न उप-शीर्षकहरूमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

४.१.१ नीतिगत प्रावधानहरूको वर्तमान अवस्था

नेपालमा असल नागरिक निर्माण गर्नको लागि विभिन्न ऐन, नियमहरू जस्तै नेपालको अन्तरिम संविधान २०६३ मा स्पष्ट रूपमा मौलिक हक र अधिकारहरू र नागरिकको अधिकार र कर्तव्यहरू उल्लेख गरिएको छ । यसैगरी नागरिक अधिकार सुनिश्चित गर्नको लागि मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा नागरिकका हक अधिकार, समानता, जाति विवेद, बालश्रम आदि जस्ता पक्षहरूको व्यवस्था गरिएको पाईन्छ । यसै गरी विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरूले पनि नागरिक शिक्षा प्रवर्द्धन गर्नको लागि नागरिक शिक्षालाई कहिले ऐच्छिक रूपमा त कहिले सामाजिक शिक्षाभित्र समावेश गरेर पाठ्यक्रम निर्माण गर्ने गरेको पाईन्छ । राष्ट्रिय शिक्षा आयोग २०४९ ले शिक्षाका उद्देश्यहरू उल्लेख गर्ने सन्दर्भमा प्रत्येक व्यक्तिमा सार्वभौम मानविय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र अवस्थाहरूको सम्वर्द्धन गरी स्वास्थ्य सामाजिक जीवनको विकासका निमित्त सहयोग गर्ने व्यक्ति निर्माण गर्ने कुरासँग नागरिक शिक्षा सम्बन्धित रहेको पाईन्छ । यसै गरी उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले नेपालको शिक्षा प्रणालीको उद्देश्य अन्तर्गत राष्ट्रियता र विभिन्न जाति एंवम समुदायबीच राष्ट्रिय एकताप्रति आस्थावान नागरिक तयार गर्ने नैतिक चरित्र एंवम गुणहरूको विकास गर्ने, प्रजातान्त्रिक न्यायपूर्ण शोषण रहित एंवम समुन्नत समाजको निर्माणका लागि अग्रसरताको विकास गर्ने र राष्ट्रप्रति समर्पित उच्च नैतिक र समान नेतृत्वदायी व्यक्तिको निर्माण गर्ने जस्ता उद्देश्यहरू राखेको पाइयो ।

नेपालमा नागरिक शिक्षा प्रदान गर्नको लागि यस्ता नियम र कानुनहरू समय सँगसँगै परिवर्तन हुने गरेको पाईन्छ । वर्तमान कार्यान्वयनमा रहेका यस्ता नीतिनियमहरूप्रति प्रधानाध्यापक र स्रोत व्यक्तिले भूमिका समय अनुसार परिवर्तन हुने गरेको उल्लेख गरेको पाइयो । उनीहरूका अनुसार नेपालको अन्तरिम संविधानमा मौलिक हक र अधिकारको व्यवस्था गरिएको कुरा उल्लेख गर्नुका साथै विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरूले सामाजिकीकरण नैतिक, मूल्य र मान्यताको सम्वर्द्धन गर्ने आपसी सहयोग मेलमिलाप जस्ता गुणको विकास गर्ने खालको शिक्षा प्रदान गर्नुपर्ने आदि उल्लेख गरेको पाइयो । यसैगरी सामाजिक सहिष्णुता, धार्मिक मेलमिलाप जस्ता गुणहरूको विकास गर्ने खालको शिक्षा प्रदान गर्नुपर्ने विभिन्न शिक्षा आयोगहरूले उल्लेख गरेको कुरा उल्ल्ेख गरेको पाइयो । उनीहरूले नीतिगत प्रावधानहरूको व्यवस्था गरिए पनि नीति, नियम अनुरूप कार्यान्वयन भने गर्न नसकिएको उल्लेख गरेको पाइयो ।

शिक्षकहरूले भने नागरिक शिक्षासम्बन्धी बनेका नीति नियमहरू के कस्ता छन् ? भन्ने सन्दर्भमा वाइस जना शिक्षक मध्ये सात जनाले प्रश्नावली फिर्ता नदिएको र पन्ध्र जनामा बाह्र जना शिक्षकले व्यवहारिक छैनन् मात्र भनेको पाइयो । तर उनीहरूले यस्ता नीतिहरूका सर्न्दभमा कुनै पनि कुरा उल्लेख नगरेको पाइयो । यसै गरी के कस्ता नियमहरू छन् ? भन्ने सन्दर्भमा पाँच जना शिक्षकहरूले अन्तर्राष्ट्रिय दस्तावेजहरूसँग मेल खाने छन् । समय अनुसार परिमार्जन गर्नसकिएको छैन आदि जस्ता प्रतिक्रिया दिएको पाइयो । दुईजना शिक्षकहरूले राम्रा छन् मात्र भनेको पाईयो । यसैगरी नागरिक शिक्षा सम्बन्धि नीति नियमहरूप्रति सबै विद्यार्थीहरू जानकार नरहेको पाईयो । उनीहरूले

नीति नियम ठिकै लाग्छ खोट लाग्दो छ, नागरिकको दायित्व हो, राम्रो लागेको छ आदि जस्ता प्रतिक्रियाहरू दिएको पाइयो । तर यस्ता नियमहरूलाई कडा बनाउनु पर्ने सकारात्मक किसिमको हुनुपर्ने भ्रष्टचारीलाई कारवाही गर्नुपर्ने जस्ता प्रतिक्रियाहरू उल्लेख गरेको पाइयो ।

४.१.२ नीतिगत प्रावधानहरू प्रति सरोकारवालाहरूको धारणा

यस अध्ययनको सन्दर्भमा नागरिक शिक्षाका लागि विभिन्न ऐननियमहरू, नेपालको अन्तरिम संविधान, शिक्षा ऐन तथा नियमवली, अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धमा रहेका प्रावधानहरू आदि प्रति सरोकारवाला पक्षहरूको धारणा सङ्कलन गरिएको थियो । नीतिगत रूपमा ऐन नियममा रहेका प्रावधानहरू प्रति सबै अर्थात् चालिस जना विद्यार्थीहरू अनविज्ञ रहेको पाइयो । उनिहरूको धारणामा राम्रा छन्, व्यवहारिक छैनन्, व्यवहारिक छैनन, परिमाजर्नन गर्नुपर्छ, सरकारले ध्यान दिनुपर्छ आदि जस्ता प्रतिक्रियाहरू व्यक्त गरेको पाइयो । सरकारका अहिलेका नीति नियम राम्रो लाग्नमा नियम कानुनको पालना भएको छ, भ्रष्टाचारीलाई कारवाही गरिएको छ, जसले असल समाज निर्माण गर्न सहयोग गरेको छ जस्ता कुरा उल्लेख गरेको पाइयो । असल नागरिक निर्माण गर्न सार्वभौमिकता, स्वतन्त्रता, कानुन, संविधान, लोकतन्त्र आदि जस्ता पक्षको बारेमा ज्ञान दिनुपर्ने, समाजमा मिलेर बस्ने बानीको विकास गर्नुपर्ने, लागुपदार्थ दुर्व्यसन तथा अन्य कुलतबाट युवाहरू बचाउने बच्ने उपाय प्रदान गर्नुपर्ने, दोषीलाई दण्ड र निर्दोशलाई न्याय दिने नियम कानुनको व्यवस्था गर्नुपर्ने जस्ता पक्षहरू समावेश गरी सरकारले नियम कानुनको व्यवस्था गर्नुपर्ने वा सो पक्षहरू समावेश गरी सरकारले नीति नियम बनाउनु पर्ने कुरा उल्लेख गरेको पाइयो । यसरी नीति नियम निर्माण गर्दा सबै सरोकारवालाहरूको सहभागितामा निर्माण गर्नुपर्छ भन्नेमा जम्मा बीस जना विद्यार्थीहरू रहेको पाइयो भने दश जनाले सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका समूहले निर्माण गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो तथा अन्यले यसमा कुनै पनि प्रतिक्रिया नदिएको पाइयो । असल परिवार निर्माण गर्नको लागि आमा, बाबु, बीच झै- झगडा नगर्ने, छोराछोरीलाई उचित शिक्षा दिने, माया, ममता, स्नेह दिने जस्ता प्रतिक्रियाहरू व्यक्त गरेको पाइयो । नागरिक शिक्षा प्रदान गर्नको लागि सरकारले निर्माण गरेका नीतिगत प्रावधानहरू प्रति छनोटमा परेका आठ जना विद्यार्थीहरूले केही पनि थाहा नभएको बाह्र जनाले नीतिगत कुराहरू आफूले नपढेको र यस्ता प्रावधानहरू कहाँ र के मा समावेश गरिएको हुन्छ भन्ने बारेमा थाहा नभएको प्रतिक्रिया दिएको पाईयो ।

यसैगरी माध्यमिक तहमा वा अध्यापनरत जम्मा बाइस जना शिक्षकहरू मध्ये सात जना शिक्षकहरूले प्रश्नावली फिर्ता नगरेको र त्यसका कारणहरूमा प्रश्नावली भर्न झन्झट मानेको र प्रश्नावलीमा समावेश प्रश्नहरू अव्यवहारिक रहेको, फुर्सद नभएको आदि जस्ता कुरा उल्ले खगरेको पाइयो । नागरिक शिक्षा सम्बन्धी ऐन नियमहरू के कस्ता छन् ? भन्ने प्रश्नमा व्यवहारिक छैनन् भन्ने शिक्षकको संख्या बाह्र जना रहको पाइयो तर व्यवहारिक नहुनका कारण भने उल्लेख गरेको पाईएने । अन्य तीन जनाले नियम कानुनमा राम्रो व्यवस्था भए तापनि सो अनुरूप कार्यान्वयन हुन नसकेको उल्लेख गरेको पाइयो । यसैगरी नागरिक शिक्षा प्रदान गर्नको लागि स्पष्ट नीतिनियमको अभाव रहेको उल्लेख गरेको पाइयो । जसमा स्रोत व्यक्ति र प्रधानाध्यापकको धारणामा नागरिक शिक्षा सम्बन्धी केही ज्ञान र सीपहरू सामाजिक अध्यय समावेश गरिए तापनि नागरिकशास्त्र विषयलाई तल्लो तहदेखि ऐच्छिक विषयको रूपमा समोवश गरेको कुरा उल्लख गरेको पाइयो । नागरिक शिक्षा प्रदान गर्ने शिक्षाको राष्ट्रिय उद्देश्य भए तापनि उक्त उद्देश्य पूरा गराउनको लागि नागरिक शिक्षा विषयको महत्वलाई सम्बन्धित विषयमा अध्ययन गर्न आउने विद्यार्थीहरूलाई जानकारी गराउन नसकिएको कुरा स्रोत व्यक्तिले

उल्लेख गरेको पाइयो । नागरिक शिक्षा प्रदान गर्नका लागि सम्बन्धित विद्यालयमा नै नागरिकका सामाजिक अधिकार, एवम् कर्तव्य, सामाजिक मेलमिलाप, साामजिकीकरण, दुर्व्यसनी, सामाजिक अपराध, न्यूनिकरण, बालअधिकार जस्ता विषयहरू समावेश गरी पाठ्यक्रम निर्माण गरी पठन पाठन गराउनु पर्ने नीति अवलम्बन गर्नुपर्ने धारणा प्रधानाध्यापक र स्रोतव्यक्तिको रहेको पाइयो ।

नागरिक शिक्षा प्रदान गर्ने नीति सम्बन्धित सरोकारवाला पक्षहरू शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय वुद्धिजीवी आदी सबैको सहभागितामा सामाजिक आवश्यकता अनुरूप निर्माण गर्नुपर्ने कुरा छनोटमा परेका सबै शिक्षक, विद्यार्थी प्रधानाध्यापक, स्रोत व्यक्ति सबैको निष्कर्ष रहेको पाइयो । नागरिक शिक्षाका लागि नीतिनिर्माण गर्दा राष्ट्र र समाजका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने खालको हुनुपर्ने गर्नुपर्ने कुरा प्रधानाध्यापकलेहरूले उल्लेख गरेको पाइयो ।

निश्कर्षमा के भन्न सकिन्छ भने नागरिक शिक्षा प्रदान गर्नको लागि बनेका नीति नियम एवम् ऐन कानुन प्रति शिक्षक, विद्यार्थी एवम् प्रधानाध्यापक जानकार नरहेको पाईन्छ । नीति नियमको बारेमा जानकार नरहे पनि सबैले यस्ता नीति नियम बनाउनको लागि सबै सरोकारवाला पक्षहरूको सहभागितामा जोड दिएको पाईन्छ । नागरिक शिक्षा भनेको नागरिकलाई रोजगार प्रदान गर्ने भ्रष्टाचार नगर्ने, दोशीलाई कारवाहीको लागि सचेत बनाउन दिइने शिक्षा हो भन्ने बुझाइ विद्यार्थीहरूमा रहेको पाईन्छ ।

## ४.२ पाठ्यक्रममा समावेश गरिएको विषयवस्तुका क्षेत्रहरू

नागरिकशास्त्र विषय कक्षा नौ र दशमा ऐच्छिक विषयको रूपमा समावेश गरिएको पाईन्छ । कक्षा नौ र दशमा पठनपाठन हुँदै आएको नागरिकशास्त्र विषयको पाठ्यक्रम, पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू, के के रहेका छन् ? भनि सर्वप्रथम दस्तावेजको अध्ययनबाट प्राप्त गरिएको विषयवस्तुको क्षेत्रलाई निम्नानुसार प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

कक्षा नौ को नागरिकशास्त्र विषयमा जम्मा बाह्र वटा एकाइहरू रहेको र उक्त बाह्र वटा एकाइभित्र एकचालिस वटा पाठहरू समावेश गरिएको छ । पहिलो एकाई नागरिकशास्त्र भित्र नागरिकशास्त्रको परिचय, क्षेत्र, महत्व, उपयोगिता अन्य सामाजिकशास्त्रसँग यसको सम्बन्ध, नेपालमा नागरिकता प्राप्त गर्ने आधार प्रस्तुत गरिएको छ । यसै गरी एकाई दुईमा अधिकार र कर्तव्यभित्र अधिकार र कर्तव्यको परिभाषा किसिम, एक अर्काको परिपुरक र मानव अधिकार जस्ता पाठहरू रहेका छन् । एकाई तीनमा राज्यको अर्थ र परिभाषा, राज्यको लागि आवश्यक तत्वहरू र राज्यका कार्यहरू समावेश गरिएको छ । यसैगरी एकाई चारमा राज्य उत्पत्तीका सिद्धान्तहरू अन्तर्गत दैवी सिद्धान्त, शक्तिमा आधारित सिद्धान्त र विकासवादी सिद्धान्त जस्ता पाठहरू राखिएका छन् । एकाइ पाँचमा लोकतान्त्रिक शासन प्रणाली अन्तर्गत लोकतन्त्र के हो ? लोकतन्त्रको आवश्यकता र महत्व, राणा शासन र लोकतन्त्रका लागि भएका प्रयासहरू जस्तो पाठहरू राखिएका छन् । यसै गरी सोही एकाईमा लोकतान्त्रिक दलहरू अन्तर्गत परिचय,

राजनीतिक दलको गठन र उद्देश्य, दलका किसिम र कार्यहरू तथा राजनीतिक दल जस्ता पाठहरू छन् । एकाइ सातमा बहुदलिय व्यवस्थाको विकास, अन्तर्गत २००७ सालको जनआन्दोलन २०१७ सालको दल माथिको प्रतिबन्ध, पाठहरू रहेका छन् । एकाई आठमा सरकार र यसका अंगहरू अन्तर्गत परिचय र किसिम छन् भने एकाइ ९, १० र ११ मा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका अन्तर्गत परिचय, गठन, महत्त्व काम, कर्तव्य र अधिकार जस्ता पाठहरू समावेश गरिएको छ । एकाइ बाह्रमा संविधान रहेको छ । जसमा संविधानको स्रोत र यसका आवश्यक तत्वहरू र हाम्रो देशको संविधान पाठ समावेश गरिएको छ ।

कक्षा दशको नागरिकशास्त्र विषयमा जम्मा नौं वटा एकाईहरूमा वत्तिसवटा पाठहरू विभाजन गरेर राखेको पाईन्छ । कक्षा दशको पहिलो एकाइमा सार्वभौमिकता अन्तर्गत अर्थ र परिभाषा विशेषताहरू, सावैभौमसत्ता सम्पन्न अधिराज्य नेपाल आदि पाठ रहेका छन् भने एकाई दुईमा स्वतन्त्रता र समानता अन्तर्गत, स्वतन्त्रताको पृष्ठभूमि र अर्थ, समानताको परिभाषा, स्वतन्त्रता र समानताको सम्बन्ध र नागरिक जीवनमा स्वतन्त्रता र समानताको सम्बन्ध पाठहरू रहेका छन् । यसै गरी एकाइ तीनमा कानुन अन्तर्गत कानुनको अर्थ, परिभाषा र किसिम, कानुनको स्रोतहरू र मुलुकी ऐन पाठहरू रहेका छन् । एकाइ चारमा निर्वाचन अन्तर्गत निर्वाचनको अर्थ, परिभाषा र आवश्यकता र हाम्रो निर्वाचन प्रक्रिया पाठहरू रहेका छन् । एकाइ पाँचमा जनमत, अर्थतन्त्रको परिचय र आवश्यक स्रोतहरू तथा माध्यमहरू र नेपालमा २०३६ सालको जनमत संग्रह र यसको महत्त्व जस्ता पाठहरू रहेका छन् । एकाइ छ मा स्थानिय स्वायत्त शासन, अर्थतन्त्र, स्थानीय स्वायत्त शासनको अर्थ र महत्व, गाउँ विकास समिति, नगरपालिका र नगर विकास समिति र जिल्ला विकास समिति पाठहरू रहेका छन् । यसै गरी एकाई सातमा परराष्ट्र नीति अन्तर्गत अर्थ परिभाषा, उद्देश्य, परराष्ट्र नीतिका आधारमा महत्त्व र हाम्रो असंलग्न परराष्ट्र नीति पाठहरू  छन् । यस्तै एकाइ आठमा संयुक्त राष्ट्र सार्कको परिचय र उद्देश्य, सार्कको संगठन र कार्यहरू जस्ता पाठहरू रहेका छन् । एकाइ नौं मा संयुक्त राष्ट्रसंघका अंगहरू अन्तर्गत महासभा सुरक्षा परिषद, आर्थिक तथा सामाजिक परिषद, अन्तर्राष्ट्रिय अदालत र सचिवालय आदि पाठहरू रहेका छन् ।

विषयवस्तुका क्षेत्रहरूका सम्बन्धमा दस्तावेज अध्ययनमा प्राप्त जानकारीका आधारमा नागरिकशास्त्र विषयमा नागरिकशास्त्र विषयको परिचय, व्यक्तिका अधिकार र कर्तव्य बारेमा जानकारी गराईएको पाईन्छ । राज्य, लोकतन्त्र, लोकतान्त्रिक दलहरू, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संविधानको बारेमा जानकारी गराई असल र सचेत नागरिक बनाउने उद्देश्य राखिएको पाईन्छ । सार्वभौमिकता, स्वतन्त्रता र समानता, कानुन निर्वाचन, जनमत, स्थानिय स्वायत्त शासन, परराष्ट्र नीति, संयुक्त राष्ट्र संघ र सार्क, संयुक्त राष्ट्र संघका अंगहरू सम्बन्धी आवश्यक विषयहरू प्रदान गर्ने उद्देश्य राखिएको पाईन्छ । नागरिकशास्त्रमा समावेश यस्ता विषयहरूको नागरिकहरूले जीवनयापनको क्रममा पालना गर्नुपर्ने र चासो राख्नुपने हुन्छ । यसमा न्यूनतम विषयवस्तुका क्षेत्रहरू समावेश गरिएको पाईन्छ । नागरिकशास्त्रमा समावेश गरिएका विषयवस्तुहरू धेरै मात्रामा सामाजिक अध्ययन विषयमा समेत समावेश गरेको पाइयो ।

नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरू सामाजिक अध्यापन विषयमा समेत समावेश गरेको पाइयो । कक्षा ९ को सामाजिक अध्ययन विषयमा नौं वटा एकाइहरू मध्ये चार वटा एकाइहरू क्रमशः हामी हाम्रो समुदाय र राष्ट्र समावेश छ । यी एकाई अन्तर्गत विकास, मानव विकासको मापन, दिगो विकास, जस्ता पक्षहरू समावेश गरेको पाईन्छ; भने हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू अन्तर्गत हाम्रो रितिरिवाज र परम्परा, नेपाली चित्रकला, मूर्तिकला, वास्तुकला, धर्म निरपेक्ष र हाम्रो प्रमुख धार्मिक स्थलहरू, हाम्रा विभूतिहरूबाट राष्ट्रका लागि भएका योगदानहरू पाठ समावेश गरेको पाईन्छ । यसै गरी सामाजिक समस्या र समाधान एकाइ अन्तर्गत सामाजिक समस्याको पहिचान, सामाजिक समस्याको समाधान, सामाजिक सुधारमा स्थानीय संघ संस्थाको भूमिका सामाजिक सुधारमा राष्ट्रिय स्तरका संघसंस्थाहरू र सामाजिक सुधारमा भएका प्रयासहरू आदि पाठ समावेश गरेको पाईन्छ । नागरिक चेतना अन्तर्गत संविधानको परिचय नेपालको संवैधानिक विकासक्रमः नेपालको वर्तमान संविधानका विशेषताहरू, मौलिक हक र कर्तव्य सुशाषण नागरिक समाजको भूमिका, विविधतामा एकता पाठहरू समावेश गरेको पाईन्छ ।

यसै गरी कक्षा दशको सामाजिक अध्ययन विषयमा रहेका नौ वटा एकाईहरु मध्ये  नागरिक शिक्षासँग सम्बन्धित चार वटा एकाइहरू रहेको पाईन्छ । जसमा हामी, हाम्रो समुदाय र राष्ट्र , हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यताहरू, सामाजिक समस्या र समाधान तथा नागरिक चेतना समावेश भएको पाईन्छ । हामी, हाम्रो समुदाय र राष्ट्र, अन्तर्गत क्षेत्रीय र संघीय विकासको अवधारणा पाँचवटा विकास क्षेत्र र नेपालमा संचालित आयोजनाहरू, समावेश गरेको पाईन्छ । त्यस्तै हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता एकाई अन्तर्गत हाम्रा सम्पदा, नेपालका लोकगीत, नेपाली लोकवाजा, हाम्रा शास्त्रीय तथा लोकनृत्य, हाम्रा राष्ट्रिय दिवस, अन्तर्राष्ट्रिय व्यक्तिहरू पाठ समावेश गरेको पाईन्छ । यसैगरी सामाजिक समस्या र समाधान एकाई अन्तर्गत, चेलिवेटी बेचविखन र दुर्व्यवहार, सामाजिक कुप्रथा, प्रमुख सामाजिक समस्या, भंष्टाचार लागु पदार्थ दुर्व्यसन, शरणार्थी समस्या, सामाजिक समस्या, निराकरणमा अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका, नेपालको विकास कार्यमा रेडक्रस र एस.ओ.एस.का योगदानहरू समावेश गरेको पाईन्छ । साथै नागरिक चेतना एकाई अन्तर्गत, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अंगहरू अंगहरू, राजनीतिक दलहरू, निर्वाचन प्रणाली, निर्वाचनमा नागरिएको भूमिका, मानव अधिकार र राष्ट्रिय सरोकारका विषयहरू समावेश गरेको पाईन्छ ।

सामाजिक अध्ययन विषयमा समावेश नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरूको अध्ययनबाट प्राप्त जानकारीका आधारमा नागरिक शिक्षा प्रदान गर्नको लागि देश, समाज, संस्कृति, सामाजिक समस्या, नागरिक चेतना जस्ता विषयवस्तुहरू समावेश गरेको पाईन्छ । सामाजिक अध्ययन विषयले धेरै मात्रामा विषयवस्तुहरू नागरिक शिक्षासँग मिसाएर समावेश गरेको पाईन्छ ।

### ४.२.१ पाठ्यक्रममा समावेश विषयवस्तु प्रति सरोकारवालाको धारणा

नागरिकशास्त्र विषयमा समावेश गरिएका विषयवस्तुहरू, सरोकारवालाका रुचिका विषयवस्तुहरू, समावेश गरिएका विषयवस्तुहरूको पूर्णाङ्क समावेश गरिएका विषयवस्तुहरूले पार्ने प्रभाव, समावेश गरिनुपर्ने पक्षहरूको सन्दर्भमा शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, स्रोतव्यक्तिसँग आवश्यक सूचनाहरू संकलन गरियो । नागरिकशास्त्र विषयमा समावेश गरिएका विषयवस्तुहरू सार्वभौमिकता, स्वतन्त्रता, समानता, कानुन, संविधान, अन्तर्राष्ट्रिय अदालत जस्ता पक्षहरू नागरिकशास्त्र विषयमा समावेश गरेको कुरा प्रधानाध्यापकले उल्लेख गरेको पाइयो । यसैगरी नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरू धेरै मात्रामा सामाजिक अध्ययन विषयवस्तुसँग मेल खाएको कुरा एकजना प्रधानाध्यापकले उल्लेख गरेको पाइयो । पाठ्यपुस्तकहरूमा विद्यार्थीलाई नागरिक स्वतन्त्रता मताधिकार, नियम, संविधान संयुक्त राष्ट्रसंघ आदि जस्ता पक्षहरूको बारेमा जानकारी दिन खोजिएको कुरा प्रधानाध्यापकले उल्लेख गरेको पाइयो । एकजना प्र.अ.का अनुसार नागरिकशास्त्र विषयवस्तुमा असल नागरिक बन्नका लागि चाहिने व्यक्तिगत, सामाजिक एवम् नैतिक पक्षहरू समावेश गर्नुपर्ने र जसले असल समाज निर्माणमा विद्यार्थीहरूलाई लाग्न उत्प्रेरित गर्ने कुरा उल्लेख गरेको पाइयो । नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरूले राज्यका अंगहरूको बारेमा जानकारी गराउन मद्दत गरेको र नागरिकलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षहरूको बारेमा आधारभूत ज्ञान दिन सहयोग गरेको कुरा उल्लेख गरेको पाइयो । नागरिक शिक्षाभित्र समावेश गरिने विषयवस्तुहरूमा समाजको विभिन्न व्यक्तिहरूको संलग्नतामा समावेश गर्नुपर्ने र यसमा विशेष गरी सामाजिक संघसंस्था, संगठनहरूको भूमिकाको बारेमा पनि सचेत गराउने विषयवस्तुहरू समावेश गर्नुपर्ने कुरा उल्लेख गरेको पाईयो । नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरूप्रति विद्यार्थीहरूको धारणा संकलन गर्नका लागि प्रश्नावली तथा लक्षित समूह छलफल सञ्चालन गरिएको थियो । नागरिक शिक्षामा आत्मअनुशासन, नागरिकको दायित्व, बालअधिकार, नैतिकता, सामाजिक मूल्य, मान्यता र धार्मिक सहिष्णुता नागरिकको हक, अधिकार, नागरिकले गर्नुपर्ने काम कर्तव्य र अधिकार, स्वतन्त्रता, समानता, नियम संविधान जस्ता पक्षहरूको बारेमा पढेको कुरा विद्यार्थीहरूले उल्लेख गरेको पाइयो । नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरू सबै पर्याप्त रहेको कुरा उल्लेख गरे तापनि किन ?, कुन ? आदि भन्ने बारेमा कसैले पनि प्रतिक्रिया दिएको पाईएन । नागरिकशास्त्र विषयमा धेरै विद्यार्थीहरू अर्थात् चालिस मध्ये अठ्ठाईस जनाले बढी रुचाएको विषयवस्तु बालअधिकार रहेको पाइयो भने अन्यले नागरिक अधिकार, संविधान संयुक्त राष्ट्र संघजस्ता विषयवस्तुहरू नागरिक शिक्षाभित्र धामिर्शक अन्तरद्वन्द्व कम गर्ने विषयवस्तुहरू, लागुपदार्थ दुर्व्यसनीसम्बन्धी विषयवस्तुहरू आदि समावेश गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो भने शिक्षण सिकाइ क्रियाकलाप, संचालन गरी विद्यार्थीहरूले इच्छा अनुसार गर्नुपर्ने कुरा बत्तिस जना विद्यार्थीहरूले उल्लेख गरेको पाइयो । अन्यले भूमिका निर्वाह गर्न लगाएर व्यवहारमा लागु हुने किसिमले विभिन्न आचरण र क्रियाकलापको उदाहरण सहित गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो ।

नागरिकशास्त्र विषयमा समावेश गरिएका विषयवस्तुहरूप्रति शिक्षकहरूले मिश्रित प्रतिक्रिया दिएको पाइयो । नागरिक शिक्षाका लागि अहिलेको शिक्षाको उद्देश्य निम्नमाध्यमिक रहेको छ भन्नेमा पन्ध्र जना शिक्षक रहेको पाइयो । राष्ट्रिय उद्देश्य रहेको छ भन्ने दुई जना र माध्यमिक रहेको छ भन्ने एक जना रहेको पाइयो भने दुई जनाले कुनै पनि प्रतिक्रिया नदिएको पाइयो । यसै गरी एघार जना शिक्षकहरुले नागरिकशास्त्रको षियको पूणाङ्क कम रहेको उल्लेख गरेको पाइयो । अन्यले नागरिकशास्त्रका केही

पाठ्यक्रमलाई सामाजिक अध्ययनले समेट्ने गरेकोले प्रयाप्त रहेको कुरा उल्लेख गरे । यसैगरी दुईजना शिक्षकले प्रश्नावली नभरेको पाइयो । नागरिकशास्त्रभित्र नैतिक भाव बुझ्ने दिने खालका विषयवस्तुहरू सार्वभौमिकता राष्ट्रियता, अन्तर्राष्ट्रिय परिवेश, स्वतन्त्रता, न्याय राज्यका अंगहरू जस्ता विषयवस्तुहरू समावेश गरिएको कुरा उल्लेख गरेको पाइयो । नागरिकशास्त्रमा समावेश विषयवस्तुले सकारात्मक प्रभाव पारेको छ भनेर तेह्र जना शिक्षकले प्रतिक्रिया दिए भने सकारात्मक प्रभाव सम्बन्धमा कुनै पनि उदाहरण प्रष्ट नगरेको पाइयो । यसै गरी चार जनाले राम्रा विषयवस्तुहरू भए तापनि व्यवहारमा कार्यान्वयन गर्न नसकिएको जस्तै विद्यालय वातावरण, घरपरिवार, समाज आदिमा कार्यान्वयन गर्न नसकिएको कुरा उल्लेख गरेको पाइयो ।

नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरू प्रति शिक्षक प्रधानाध्यापक र विद्यार्थीको प्रतिक्रियालाई विश्लेषण गर्दा यहाँ समावेश धेरै विषयवतस्तुहरू सामाजिक अध्ययनमा पनि समावेश गरिएकोले बढी अध्ययन र अध्यापनमा सहज देखिएको पाइयो । यस विषयमा समावेश गरिएका विषयवस्तुहरूले विद्यार्थीहरूमा समान सकारात्मक प्रभाव पार्ने गरेको पाइए तापनि कस्तो किसिमको सकारात्मक प्रभाव भन्ने सन्दर्भमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएको पाइयो । यसैगरी नागरिकशास्त्र विषयमा समावेश विषयवस्तुहरूको व्यवहारिक रूपमा विद्यालय समाज एवम् राष्ट्रिय दायित्व बहन गर्ने कुरा कार्यान्वयन हुन नसकेको पाइयो । सामाजिकीकरण, स्वतन्त्रता, समानता, नियम, कानुन, संविधानको बारेमा ज्ञान दिने विषयवस्तुहरू समावेश गरिएको पाइए तापनि विद्यार्थीहरूले बढी रुचाएका विषयवस्तुको क्षेत्र अन्तर्गत बालअधिकार र नागरिक अधिकार तथा कर्तव्य रहेको पाईन्छ । शिक्षण सिकाइ प्रक्रिया सञ्चालनले गर्दा विद्यार्थीहरूको रुचि, अनुसार विद्यार्थी केन्द्रित विधिको आधार सञ्चालन गर्नुपर्ने उल्लेख गरेको पाइयो ।

### ४.३ नागरिक शिक्षाका लागि विद्यालयमा गरिएका कार्यहरू

नागरिक शिक्षाका लागि विद्यालयमा विगत वर्षहरूमा गरिएका क्रियाकलापहरू र उक्त सञ्चालित क्रियाकलाप प्रति सरोकारवालाहरूको धारणा पहिचान गर्नका साथै नागरिक शिक्षा प्रवर्धन गर्नको लागि विद्यालयमा के के क्रियाकलाप गर्न सकिन्छ, यस्ता क्रियाकलाप सञ्चालनमा के कस्ता भूमिकाहरू निर्वाह गर्नुपर्छ भन्ने बारेमा शिक्षक विद्यार्थी प्र.अ. स्रोत व्यक्तिबाट संकलित सूचनाहरूलाई निम्न उप-शीर्षकमा विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.३.१ नागरिक शिक्षासम्बन्धी विद्यालयले गरेका क्रियाकलापहरू

विद्यालयमा नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयले गरेका क्रियाकलापहरूको सम्बन्धमा शिक्षक, विद्यार्थी, प्र.अ., स्रोतव्यक्ति सबैबाट फरक फरक धारणाहरू व्यक्त गरेको पाइयो । दैनिक पठनपाठको माध्यमबाट नागरिक शिक्षासम्बन्धी कार्यहरू गर्ने गरेको र अन्य क्रियाकलापहरू नगर्ने गरेको कारण उल्लेख गर्ने शिक्षकहरूको संख्या दश जना रहेको पाइयो । उनिहरूले नागरिक शिक्षा प्रदान गर्नको लागि अध्ययन अध्यापन कार्यलाई सहज बनाउनु पर्ने, शिक्षक तथा शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने,

नागरिकशास्त्र विषयलाई अनिवार्य विषय बनाउनुपर्ने कुरा उल्लेख गरेको पाइयो । यसै गरी उनीहरूले विद्यालयले सकारात्मक भूमिका निर्वाह गरेको कुरा उल्लेख गरे तापनि पठन पाठनको अलावा अन्य कुनै पनि क्रियाकलापहरू गर्ने नगरेको कुरा उल्लेख गरेको पाइयो । यसै गरी पाँचजना शिक्षकले विभिन्न जनचेतनामूलक कार्यक्रमको आयोजना गरी विद्यार्थीहरूलाई सहभागी गराउने गरी गोष्ठी, सेमिनारको आयोजन गर्ने, वक्तृत्वकलाको आयोजना गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । यस्ता क्रियाकलापहरूको आयोजना विद्यालयस्तरमा र स्रोतकेन्द्र स्तरमा सञ्चालन हुने कुरा उल्लेख गरेको पाइयो । यसै गरी तीन जना शिक्षकले विद्यालयमा कुनै पनि क्रियाकलापहरू सञ्चालन हुँदैन भनेको पाइयो । त्यस्ता विद्यालयहरूमा शुक्रवार हाजिरीजवाफ वाद्विवाद वक्तृत्वकला, खेलकुद जस्ता क्रियाकलापहरू मात्र सञ्चालन गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो भने उनीहरूले नागरिक शिक्षाको प्रर्वद्धन आफू उदाहरण बनेर कार्य गरेमा हुने कुरा उल्लेख गरेको पाइयो । दुईजना शिक्षकले  कुनै पनि प्रतिक्रिया नदिएको पाइयो ।

नागरिक शिक्षासम्बन्धी विद्यालयमा गरिने क्रियाकलापहरू सम्बन्धमा विद्यार्थीहरूका अनुसार नागरिक शिक्षा सम्बन्धित भएर भन्दा पनि विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन हुने कुरा उल्लेख गरेको पाइयो । उनीहरूका अनुसार विद्यालयमा हाजिरीजवाफ वक्तृत्वकला, कविता, गजल, प्रतियोगिता, साँस्कृतिक कार्यक्रम, वादविवाद, खेलकूदका कार्यक्रमहरू जस्ता क्रियाकलापहरू सञ्चालन गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । यसैगरी विद्यालयको विद्यलायको वार्षिक उत्सव तथा विभिन्न दिवस तथा पर्वहरूमा पनि विभिन्न साँस्कृतिक एवम् जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कुरा उल्लेख गरेको पाइयो । विद्यालयले गर्ने नागरिक शिक्षासम्बन्धी राम्रा कार्यहरू अन्तर्गत विद्यार्थीहरूलाई नियन्त्रणमा राख्ने अनुशासनमा राख्ने जस्ता कुरा उल्लेख गरेको पाइयो भने दुई जना विद्यार्थीहरूले त्यस्ता राम्रा कार्यहरू केही पनि नरहेको कुरा उल्लेख गरेको पाइयो ।

नागरिक शिक्षासम्बन्धी विद्यालयले गरेका कार्यहरू अन्तर्गत प्रधानाध्यापकहरूका अनुसार विद्यालयमा सञ्चालिन अतिरिक्त क्रियाकलापहरू अन्तर्गत खेलकूदका, कार्यक्रमहरू, हाजिरीजवाफ बादविवाद वक्तृत्वकला, साँस्कृतिक कार्यक्रमहरू आदि सञ्चालन गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । एउटा विद्यालयका प्र.अ. का अनुसार विद्यार्थीहरूलाई विभिन्न सामाजिक एवम् साँस्कृतिक क्षेत्रहरूमा क्षेत्र भ्रमणमा लाने गरेको समेत उल्लेख गरेको पाइयो । यी बाहेक नागरिक शिक्षा प्रदान गर्नको लागि पाठ्यपुस्तकमा भएका विषयवस्तुको दैनिक पठनपाठन बाहेक अन्य कुनै पनि कार्यहरू नगर्ने कुरा उल्लेख गरेको पाइयो । यसैगरी स्रोतव्यक्तिका अनुसार नागरिक शिक्षा प्रतिवेदनको लागि बालअधिकार, मताधिकार, स्वतन्त्रता, समानता, समावेशी शिक्षा जस्तै पक्षहरूमा स्रोतकेन्द्र स्तरमा विभिन्न गोष्ठी सेमिनार, कार्यशालाहरू शिक्षकहरू र प्र.अ.हरूका लागि संचालन गर्ने गरेको पाइयो । यस्ता कार्यक्रमहरूको माध्यमबाट विद्यालयमा विभिन्न व्यवहार र क्रियाकलापहरू उत्प्रेरित गर्न सहयोग पुऱ्याउने अपेक्षाले सञ्चालन गर्ने गरेको कुरा उल्लेख गरेको पाइयो । यसै गरी विद्यालय व्यवस्थापन समितिका सदस्यहरूसँग गरिएको छलफलबाट विद्यालयमा नागरिक शिक्षा प्रवर्द्धनका लागि अनुशासित वातावरणको निर्माण गर्न अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूका क्रियाकलापहरू प्रति सचेत रहन अग्रसर गराउने, विद्यालय सबैको साझा सम्पत्तिको

भावनाको विकास गराउन विभिन्न समयमा अभिभावक भेला गराइ विद्यालयमा भएका प्रगति विवरणहरू प्रस्तुत गर्ने, विद्यालयलाई साझा सामाजिक संस्थाको रूपमा विकास गर्न अभिभावकहरूलाई प्रेरित गर्ने कार्यहरू उल्लेख गरेको पाइयो ।

माथि प्रस्तुत विश्लेषणबाट के स्पष्ट हुन्छ भने नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयमा गरिएका कार्यहरूका सन्दर्भमा शिक्षक विद्यार्थी प्र.अ. स्रोतव्यक्ति अभिभावकहरूबाट फरक फरक भनाइहरू रहेको पाईन्छ । नागरिक शिक्षा प्रवर्द्धन गर्नको लागि नभई विगत् समयमा विभिन्न अतिरिक्त क्रियाकलापहरू खेलकुद, साँस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला विभिन्न सेमिनार, गोष्ठी तथा पठनपाठन कार्यहरू हुने गरेको  पाईन्छ । यस्ता विद्यालयमा सञ्चालित क्रियाकलापहरूले पनि विद्यार्थी बीचमा, शिक्षक र विद्यार्थी बीचमा अभिभावक र विद्यालय विद्यालय बीचमा सुमधुर सम्बन्ध स्थापना गर्न सहयोग गर्ने, अधिकार र कर्तव्यप्रति सचेत गराउने र सामुहिक भावनाको विकास गर्ने गरेको पाईन्छ ।

### ४.३.२ विद्यालयमा गरिएका कार्यहरूप्रति सरोकारवालाहरूको धारणा

नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरूप्रति शिक्षक, विद्यार्थी, अभिभावक प्र.अ., स्रोतव्यक्ति बीचको प्रतिक्रिया मिश्रित रहेको पाइयो । विद्यालयमा नागरिक शिक्षासँग सम्बन्धित अतिरिक्त क्रियाकलापहरू, आयोजना गर्नुपर्ने खेलकुदका कार्यक्रमहरू, सञ्चालन गर्नुपर्ने त्यस्ता कार्यक्रमहरूमा सबै विद्यार्थीहरूलाई समान सहभागिता गराउनुपर्ने, समावेशी आधारमा सञ्चालन गर्नुपर्ने, तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गर्नुपर्ने, विभिन्न किसिमका शैक्षिक भ्रमण क्षेत्र अध्ययन भ्रमण गराउनुपर्ने सामाजिक क्रियाकलापहरूमा जस्तै दुर्व्यसनीप्रति, सामाजिक कुरीतिप्रति जनचेतनामूलक नाटक, कार्यक्रम, सामाजिक सूचनासम्बन्धी कार्यक्रमहरू निर्माण गरी सहयोग गराउने जस्ता कार्यहरू विद्यालयले गर्नुपर्ने कुरा विद्यार्थीहरूले उल्लेख गरेको पाइयो । विद्यालयमा नागरिक शिक्षा प्रवर्द्धनका लागि विद्यालयले केही पनि कार्यहरू उल्लेख नगरेको कुरा दुई जना विद्यार्थीहरूले उल्लेख गरेको पाइयो भने बाँकी सबैले विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन हुने गरेको कुरा उल्लेख गरेको पाइयो ।

यसैगरी शिक्षकहरूका अनुसार विद्यालयमा नागरिक शिक्षा प्रदान गर्नको लागि दैनिक शिक्षण सिकाइ कार्यलाई बढी जोड दिने गरेको कुरा उल्लेख गरेको पाइयो । नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयले सकारात्मक भूमिका खेलेको कुरा उल्लेख गर्ने शिक्षक संख्या बाह्र जना रहेको पाइयो भने पाँच जना शिक्षकहरूले नागरिक शिक्षा प्रदान गर्नको लागि कुनै पनि चासो नदिएको कुरा उल्लेख गरेका पाइयो । यसै गरी तीन जना शिक्षकहरूले कुनै पनि प्रतिक्रिया नदिएको पाइयो । नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयले अध्ययन अध्यापन कार्यमा सहज वातावरण निर्माण गर्ने मात्र कार्य गरेको र अन्य अतिरिक्त क्रियाकलापहरू प्रति विद्यालयले कम चासो दिने गरेको कुरा उल्लेख गरेको पाइयो । शिक्षकका अनुसार विद्यालयमा सामाजिक क्रियाकलापप्रति सचेतना प्रदान गर्ने कार्यहरू, कुलतमा लाग्न नदिने, विभिन्न कुराहरूबीच व्यक्ति तथा

कार्यहरूप्रति सचेतना कार्यक्रम आयोजना गर्ने क्षेत्र भ्रमण कार्यक्रम सञ्चालन गर्ने विभिन्न उदाहरणबीच व्यक्तित्वलाई विद्यालयमा आमन्त्रण गरी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने समावेशी आधारमा शिक्षा प्रदान गर्ने, विद्यार्थी सहभागितामा जोड दिने, स्वतन्त्रता, समानता, बालअधिकार, संविधान जस्ता पक्षहरू बारे जानकारी गराउन सहभागितामूलक कार्यहरू सञ्चालन गर्ने जस्ता कार्यहरू विद्यालयमा सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो । उनीहरूका अनुसार शिक्षक, विद्यार्थी अभिभावक, सबै पक्षको सहभागितामा यस्ता क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो । अहिलेको शिक्षा बढी सैद्धान्तिक र कम व्यावहारिक रहेकोले विद्यार्थी सहभागितामा जोड दिने क्रियाकलापका आधारमा विद्यालय सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो ।

स्रोत व्यक्ति र प्र.अ.का अनुसार हाल विद्यालयमा सञ्चालित कार्यक्रमहरू नागरिक शिक्षा प्रदान गर्नको लागि प्रभावकारी र आवश्यक मात्रामा रहेका कुरा उल्लेख गरेको पाइयो । विद्यालयले अनुशासित विद्यालय एवम् कक्षाकोठाको वातावरण निर्माणमा जोड दिएको र यसो गर्दा बालअधिकार, स्वतन्त्रता र समानता, समावेशीकरण जस्ता पक्षलाई ध्यान दिएको कुरा प्र.अ.हरूले उल्लेख गरेको पाइयो । विद्यालयमा प्रत्येक कक्षाकोठामा मनिटरको व्यावस्था गरी नेतृत्वको विकास गराउनको लागि वातावरण निर्माण गर्ने गरेको कुरा एकजना प्र.अ.ले उल्लेख गरेको पाइयो । स्रोतव्यक्तिका अनुसार नागरिक शिक्षा प्रदान गर्नको लागि प्र.अ लाई विभिन्न तालिम, गोष्ठी कार्यक्रमहरू राख्ने गरिए तापनि रकम अभावका कारण र अन्य भौतिक एवम् प्राविधिक स्रोतको अभावका कारण आफूले पर्याप्त मात्रामा सञचालन गनै नसकेको कुरा उल्लेख गरे भने यस्ता सञ्चालित क्रियाकलापहरू सन्तोषजनक नरहेको कुरा उल्लेख गरेको पाइयो । त्यैगरी अभिावकहरूले अनुशासन कार्यमा विद्यालयले गर्ने गरेको भए तापनि आदर, सत्कार माया प्रेम स्नेह जस्ता गुणहरूको विकास गर्ने क्रियाकलापहरू विद्यालय सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो । विद्यार्थीहरूसँग छलफल गर्दा नीतिनियम के हो भन्ने बारेमा नै अनविज्ञ रहेको पाइयो । तीनजना विद्यार्थीले भने नीति, नियम भनेको संविधान हो, कानुन हो भन्ने जवाफ दिएको पाइयो । नागरिक शिक्षा प्रदान गर्ने नीतिगत व्यवस्थाहरूप्रति विद्यार्थीहरू कम जानकार रहेको पाइयो ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन “नागरिक शिक्षाको लागि विद्यालय तहमा गरिएका प्रयासहरू” शीर्षकमा आधारित भई सञ्चालन गरियो उक्त शीर्षकमा आधारित भई निर्माण गरिएका उद्देश्यहरूक,ो आधारमा उत्तरदाताहरूबाट सूचना संकलन गरियो । उक्त संकलित सूचनाहरूको विश्लेषण र व्याख्या पश्चात् निम्नानुसार प्राप्ति, निष्कर्ष सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्तिहरू

अध्ययनको उद्देश्य अनुसार संकलित सूचनाको विश्लेषण र व्याख्या पश्चात् निश्कर्ष परिमाण वा नतिजा नै प्राप्ति हो । यस अध्ययनबाट प्राप्त परिणाम वा नतिजालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

- राष्ट्रिय शिक्षा आयोग २०४९ ले व्यक्तिम सार्वभौम मानविय मूल्यका साथै राष्ट्रिय तथा सामाजिक मान्यता र आस्थाहरूको सम्बर्द्धन गर्ने र सामाजिक एकतालाई सुदृद बनाउने शिक्षाको उद्देश्यहरू राखेको पाइयो भने उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले राष्ट्रियता र विभिन्न जाति एवम् समुदायका बीच राष्ट्रिय एकताप्रति आस्थावान नागरिक तयार गर्ने उद्देश्य राखेको पाइयो ।

- माध्यमिक तहमा नागरिक शिक्षा प्रदानको लागि ऐच्छिक विषयको रूपमा १०० पूर्णाङ्कको नागरिकशास्त्र विषय समावेश गरेको पाइयो । यसका साथै १०० पूर्णाङको सामाजिक अध्ययनमा नागरिक शिक्षा प्रदान गर्ने खालका विषयवस्तुहरू समावेश गरेको पाइन्छ ।

- नागरिकशास्त्र विषयमा नागरिक शिक्षा प्रदान गर्न नागरिकहरूबीचको अन्तरसन्बन्ध, अधिकार र कर्तव्य, राज्य उत्पत्तिका सिद्धान्त, लोकतन्त्र, लोकतान्त्रिक दल, बहुदलिय व्यवस्था, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संविधान जस्ता विषयवस्तुहरू कक्षा नौं मा राखिएको पाइयो । यसै गरी सार्वभौमिकता स्वतन्त्रता, समानता, मुलुकको कानुन निर्वाचन पद्धति, जनमत शासन व्यवस्था, परराष्ट्र नीति र संयुक्त राष्ट्रसंघ जस्ता विषयवस्तुहरू कक्षा १० मा राखिएको पाइयो ।

- स्रोतव्यक्ति र शिक्षकहरूका अनुसार सामाजिक अध्ययन विषयमा नागरिक शिक्षा प्रदान गर्नको लागि हाम्रो समुदाय र राष्ट्र, हाम्रो परम्परा मूल्य र मान्यताहरू सामाजिक समस्या र समाधान र नागरिक चेतना कक्षा ९ र १० मा समावेश गरिएको पाइयो ।
- नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरू, गोष्ठी सेमिनार साथै साप्ताहिक रूपमा हाजिरीजवाफ, बादविवाद, वक्तृत्वकला, खेलकुदजस्ता क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । विद्यालयमा विद्यार्थीहरूलाई अनुशासित बनाउन सहयोगी भावनाको विकास गर्ने, अन्तर्क्रियामूलक वातावरण निर्माण गर्ने गरेको पाइयो ।
- विद्यालयलाई सबैको साझा सम्पत्तिको रूपमा विकास गराउन विद्यार्थीहरूमा अनुशासनको निर्माण गर्न अभिभावकहरूमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । जसको माध्यमबाट विद्यालयलाई सामाजिक संस्थाको रूपमा विकास गर्ने प्रयास गरेको पाइयो ।
- नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयमा विभिन्न किसिमका कार्यक्रमहरू जसतै दुर्व्यसनी, सामाजिक कुरितिप्रति जनचेतनामूलक नाटक, सामाजिक कुरितिप्रति जनचेतनामूलक नाटक, सामाजिक सूचनाहरू सम्बन्धी सञ्चालन गर्नुपर्ने धारणा सरोकारवाला पक्षहरू रहेको पाइयो ।
- विद्यालयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सबै विद्यार्थीहरूको समान सहभागितामा जोड दिनुपर्ने पाइयो । यसका साथै शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गरी तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको पाइयो ।
- नागरिक शिक्षा प्रदान गर्नको लागि विद्यालयमा प्र.अ. शिक्षक, विद्यार्थी, एवम् अभिभावकहरूको सामुहिक सहभागिताको आधारमा कार्यक्रमहरूको विकास एवम् कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको पाइयो ।
- स्रोतकेन्द्र स्तरमा नागरिक शिक्षा प्रदानगरिने विषयवस्तुहरूका सन्दर्भमा तालिम, गोष्ठि एवम् सेमिनारहरू प्रयाप्त भौतिक सेवा र सुविधाको अभाव र प्राविधिक स्रोतको अभावका कारणले सञ्चालन गर्न कठिन रहेको पाइयो । अनुशासित एवम् इमान्दार विद्यार्थीहरूको निर्माण गर्नको लागि माया, प्रेम, स्नेह, आदर, सत्कारजस्ता गुणहरूको विकास गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो ।

## ५.२ निश्कर्ष

सूचनाहरूको संकलन, सांकेतिकरण, विश्लेषण र व्याख्या पश्चात प्राप्त अन्तिम निचोडलाई निष्कर्ष भनिन्छ । यस अधययनको निष्कर्षलाई निम्नानुसार उल्लेख गरिएको छ ।

नागरिक शिक्षा प्रदान गर्नको लागि नीतिगत रूपमा शिक्षाका राष्ट्रिय उद्देश्य शिक्षा ऐन एवम् नियमावली विभिन्न समयमा निर्माण गरिएका शिक्षा आयोगका प्रतिवेदनहरूले जोड दिएको पाइन्छ । नीतिगत प्रावधानहरू निर्माण भएको पाइए तापनि त्यस्ता नीतिगत प्रावधानहरूप्रति सरोकारवालाहरूको कम अधिकार रहेको पाइन्छ । सरोकारवाला पक्षहरूले नीति बन्ने तर कार्यान्वयन नहुने समस्यामा बढी जोड दिएको पाइन्छ । विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरू तथा शिक्षाका उद्देश्यहरू प्रति सरोकारवाला पक्षहरू समेत नरहेको पाइन्छ । नागरिक शिक्षा प्रदान गर्नको लागि निर्माण गरिएका नीति, नियमहरूको निर्माणमा सरोकारवाला पक्षहरू शिक्षक, विद्यार्थी, अभिभावक, निरीक्षकहरूलाई सहभागी नगराइ र उनीहरूको राय सल्लाह एवम् सुझावहरू संकलन नगरी निर्माण गर्ने गरेको पाइन्छ ।

नागरिक शिक्षा प्रदान गर्नको लागि माध्यमिक तहमा ऐच्छिक विषयको रूपमा नगारिकशास्त्र विषय समावेश गरेको पाइन्छ । यसका साथै सामाजिक अध्ययनमा समावेश विषयवस्तुको सहायताले समेत नागरिक शिक्षा प्रदान गर्ने उद्देश्यहरू पुरा गर्न सकिने देखिन्छ । नागरिक शिक्षा प्रदान गर्नको लागि राष्ट्र, समाज, समुदाय, मानव अधिकार, स्वतन्त्र, समानता, नियम कानुन, संविधान, संयुक्त राष्ट्रसंघ जस्ता विषयवस्तुहरू समावेश गरेको पाइए तापनि सामाजिक रूपमा चेतना अभिवृद्धि गर्ने खालका विषयवस्तुहरू जस्तै धुम्रपान, लागुपदार्थ, सामाजिक अपराध अनुशासनहिनता जस्ता विषयवस्तुहरूमा कम महत्व दिएको पाइन्छ । सामाजिक अध्ययन र नागरिकशास्त्र विषयमा समावेश धेरै विषयवस्तुहरू पुनरावृत्ति भएको पाइन्छ । यसको वदलामा समावेश हुन नसकेका सामाजिक विकृति र विसंगती हटाउन उपयोगी विषयवस्तुहरू समावेश गर्नुपर्ने देखिन्छ । बालबालिकाहरूले बाल अधिकार, सामाजिकीकरण, कुलत कम गर्ने उपाय जस्ता विषयवस्तुहरू बढी रुचाएको पाइए तापनि यस्ता विषयवस्तुहरू समावेश नगरेको पाइन्छ ।

विद्यालयमा नागरिक शिक्षा प्रदान गर्नको लागि दैनिक अध्ययन अध्यापन कार्यलाई प्रमुख जोड दिइएको पाइन्छ । पठनपाठनका अलावा विद्यालयहरूमा विभिन्न जनचेतनामुलक कार्यक्रमहरू, वादविवाद, हाजिरीजवाफ, वक्तृत्वकला, गोष्ठी, सेमिनार कार्यक्रमहर पनि सञ्चालन गर्ने गरेको पाइन्छ । कार्यचेतना मूलक कार्यक्रमहरू अन्तर्गत दुर्व्यसनी हटाउने सामाजिक कुरीति हताउने, नाटक जस्ता कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । विद्यालयमा विभिन्न कार्यक्रमहरू सञ्चालन एवम् विद्यार्थीहरूको सहभागितामा जोड दिनुपर्ने, तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गर्नुपर्ने, शिक्षक, विद्यार्थी एवम् अभिभावकको त्रिकोणात्मक समन्वयका आधारमा कार्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ । विद्यालयहरूमा यस्ता कर्याक्रम सञ्चालन गर्न भौतिक एवम् प्राविधिक स्रोत साधनको कमी रहेकाले स्रोतकेन्द्र स्तरमा यस्ता साधनहरूको उचित व्यवस्था गर्नुपर्ने रहेको पाइन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनमा प्राप्त प्राप्ति तथा त्यसका आधारमा प्राप्त निष्कर्षका आधारमा नगारिक शिक्षाका विभिन्न पक्षहरुको सुधार गर्नका लागि निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

- ऐन नियम एवम् प्रतिवेदनका सिफारीसहरू प्रति सरोकारवाला पक्षहरूलाई सचेत गराउन गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू स्रोतकेन्द्र स्तरमा सञ्चालनमा गर्नुपर्ने देखिन्छ ।
- शिक्षाको राष्ट्रिय उद्देश्य अनुरूप सिकारुको व्यवहारमा परिवर्तन ल्याउनको लागि नागरिक शिक्षाको प्रर्वधन गर्ने खालका नीतिहरू निर्माण गर्नमा सम्बन्धित सरोकारवाला पक्षहरूलाई सहभागी गराउनुपर्ने देखिन्छ ।
- विषयवस्तुहरूमा देखिएको दोहोरोपन हटाउन सिकारुको रुची अनुसारका विषयवस्तुहरू समावेश गर्नुपर्ने देखिन्छ । नागरिक शिक्षा प्रदान गर्नको लागि बालअधिकार, लागुपदार्थ, दुर्व्यसनी, सामाजिक अपराध आदि जस्ता विषयवस्तुहरूलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ ।
- नागरिक शिक्षा प्रदान गर्नको लागि नागरिकशास्त्र विषयलाई अनिवार्य विषयको रूपमा लागु गर्नुपर्ने देखिन्छ ।
- विद्यालयमा नागरिक शिक्षा प्रवर्द्धन गर्नको लागि दैनिक पठनपाठनमा मात्र जोड नदिई विभिन्न सामाजिक क्रियाकलापहरूमा सहभागी गराउनु जनचेतनामूलक कार्यक्रमहरूको संचालन गर्ने, विद्यालयमा नागरिक शिक्षासँग सम्बन्धित गोष्ठी, सेमिनार वादविवाद, हाजिरीजवाफ जस्ता कार्यक्रमहरूको आयोजना मार्फत कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- नागरिक शिक्षाको प्रवर्द्धन गर्नको लागि सबै सरोकारवाला पक्षहरूको आपसी समन्वयका आधारमा कार्यक्रमहरू निर्माण गर्नुपर्ने देखिन्छ ।
- स्रोत केन्द्र स्तरका विद्यालयमा अध्यापन गर्ने शिक्षक, विद्यार्थी एवम् प्र.अ.हरू बीच आपसी अन्तक्रिया कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


*अनौपचारिक शिक्ष केन्द्र* (२०६६), सानोठिमी, भक्तपुर ।

तिमिल्सिना, माधवप्रसाद (२०६६), *शिक्षा वार्षिक पत्रिका,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

दुलाल, किशोरचन्द्र (२०६६), *तेह्रथुमको ऐतिहासिक पृष्ठभूमि तीनजुरे वार्षिक मुखपत्र २०६६,* काठमाडौं : तेह्रथुम काठमाण्डौं सम्पर्क मञ्च ।

न्यौपाने, विनोद (२०६७), *माध्यमिक शिक्षक दर्पण,* काठमाडौं : वौद्धिक दर्पण प्रकाशन ।

*निम्न माध्यमिक तहको पाठ्यक्रम* (२०६३), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*नेपालमा नागरिक शिक्षा* (सन् २००१), क्रिएटिभ प्रेस (प्रा.लि.) कमलादी, काठमाडौं ।

*नेपाल सरकार शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

भट्टराई, पौडेल र साथीहरू (२०६७), *अनौपचारिक शिक्षामा शान्ति, मानव अधिकार र नागरिक शिक्षा सम्बन्धी सहजकर्ता तालिम पुस्तिका,* सानोठिमी, भक्तपुर : अनौपचारिक विकास केन्द्र ।

*मानव अधिकारको विकास र दृष्टिकोण, घट्टेकुलो, काठमाडौं : मधुवन प्रकाशन ।*

*माध्यमिक शिक्षा पाठ्यक्रम केन्द्र* (२०६५), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

सिवाकोटी महेन्द्र प्रकाश (२०६३), *मानवअधिकार विकास र दृष्टिकोण* , घट्टेकुलो, काठमाडौं : मधुवन प्रकाशन ।

श्रेष्ठ र घिमिरे, लक्ष्मीप्रसाद, विश्वभर (२०६४), *नागरिकशास्त्र (कक्षा ९),* सानोठिमी, भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र ।

श्रेष्ठ र घिमिरे, लक्ष्मीप्रसाद, विश्वभर, (२०६४), *नागरिकशास्त्र (कक्षा १०),* सानोठिमी, भक्तपुर : जनकशिक्षा सामग्री केन्द्र ।

*शिक्षा आयोगका प्रतिवेदनहरू* (२०५९), काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी, पुतलिसडक ।

*शिक्षा जगतको अर्धवार्षिक पत्रिका* (२०६८), काठमाडौं : नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

ज्ञावाली, दामोदर र अन्य (२०६०), *शैक्षिक ज्योती द्वैमासिक,* पत्रिका, मङ्सिर-पुस, २०६० काठमाडौं : तलेजु प्रकाशन परिवार ।

American Center (2002). *Reflecting or Civic Education in Nepal: A Report of Baseline Survey*, Kathmandu: American Center

Gautam, R.P., *Some Glimpses of Civic Education*, Pradarsani Marga, Kathmandu: Quality Prints Private Limited.

Husen and Pustlethwaite T. (1996), *The International Encyclopedia of Education*, Japan: Pergamon Press Ltd.

Koirala, B.N. and Acharya, S. (2002). *Reflecting on Civic Education in Nepal*. Dillibzaar, Kathmandu : Nepal Cultural Association Building.

Phuyal, B.P. (2063), *Civic Education and Democracy in Nepal*, An Unpublished Ph.D. Thesis, Tribhuvan University, Kathmandu.

Deurali Society (2009), *Labour Availability Survey*, Submitted to Helvitas Nepal.

Plato. (1997). *The Laws (T.J. Saunders Trans)*. Indiana Polis, IN: Hackett Publishing Co.

Standard Encyclopedia of Philosophy. Available at http;//plato.standard.edu.//

## अनुसूची-१
### अध्ययनमा औजारहरू निर्माणका लागि खाका

| क.सं. | उद्देश्यहरू | प्र.अ.का लागि अन्तर्वाता फाराम | शिक्षकका लागि प्रश्नावली | विद्यार्थीहरूका लागि प्रश्नावली | विद्यार्थीलाई लक्षित समूह छलफल, निर्देशिका | व्यवस्थापन समितिलाई लक्षितसमूह छलफल निर्देशिका | स्रोतव्यक्तिका लागि अन्तर्वार्ता फाराम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरू पहिचान गर्नु | वर्तमान नीति, नियम<br>आयोगका सिफारिसहरू<br>राम्रा नीतिहरू<br>सुधार गर्नुपर्ने पक्ष | बनेका ऐन नियमहरू<br>आयोगका सिफारिप्रति धारणा<br>बस्नुपर्ने नीति<br>कार्यान्वयन<br>राम्रा पक्षहरू<br>हुनुपर्ने पक्षहरू | नीति नियमको जानकारी<br>ज्ञान प्राप्ति<br>राम्रा प्रभाव<br>थप्नु पर्ने नीति<br>व्यक्तित्व विकास | नियमसम्बन्धी बुझाई<br>राम्रा नीतिको जानकारी<br>सफल बनाउन पर्ने अवस्था<br>शिक्षा अयोगसम्बन्धी ज्ञान<br>नैतिक आचरणको विकास | ऐन नियमको ज्ञान,<br>नीतिगत<br>रामां पक्षहरू<br>नीतिगत, प्रभाव<br>नीतिगत चाहना | भएको नीति<br>हुनुपर्ने नीति<br>संशोधन गर्नुपर्ने<br>अपेक्षित आशा | |
| २ | नागरिक शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरू पहिचान गर्नु । | महत्व<br>पाठ्यक्रम अनिवार्य<br>पाठ्यपुस्तक विषयवस्तु<br>नागरिक जीवनसँग सम्बन्धित विषयवस्तुहरू<br>नागरिक स्वतन्त्रता<br>सार्वभौम मताधिकार<br>सामाजिक मूल्य मान्यता<br>विषयगत उद्देश्य | राष्ट्रिय उद्देश्य<br>तहगत उद्देश्य<br>विषयगत उद्देश्य<br>सान्दर्भिकता<br>उपयोगिता<br>पर्याप्तता<br>विषयवस्तुको क्षेत्र,<br>समकालिन समाजमा जोड<br>समय सापेक्ष | विषयवस्तुको क्षेत्र,<br>पाठ्यक्रमको उद्देश्य<br>बुझाई<br>रुचि<br>प्राप्त गर्ने ज्ञान<br>सुधार भएको पक्ष<br>सुधार गर्नुपर्ने पक्षहरू | विषयवस्तु सान्दर्भिक<br>विषयगत उद्देश्य<br>तहगत उद्देश्य<br>लचिलोपन<br>उपयोगी<br>स्पष्ट बुझाई<br>उपलब्धिपना<br>व्यापकता | पाठ्यक्रम पाठ्यपुस्तकको सम्बन्ध<br>विषयवस्तुको ज्ञान<br>समेट्नुपर्ने क्षेत्र<br>प्रभाव पार्ने पक्ष<br>सुधारिने अवस्था | विषयवस्तुको सान्दर्भिकता<br>समावेश गर्नुपर्ने<br>अनिवार्य विषयमा जोड<br>पाठ्यक्रममा परिवर्तन<br>विषयवस्तुको उपयुक्तता | |
| ३ | विद्यालयीय नागरिक शिक्षाका लागि गरिएका कार्यहरू पहिचान गर्नु । | प्रयासहरू विषयवस्तुभन्दा टाढा<br>विद्यालयको धारणा बुझ्नु<br>सकारात्मक कार्यहरू,<br>विद्यालयमा गर्नुपर्ने कार्यहरू<br>अतिरिक्त क्रियाकलाप गर्ने तरिका | भूमिका अपनाउने विधि<br>सुधारमा प्रयास देखिएका समस्या<br>चाल्नुपर्ने कदम<br>देखिने अवस्थाहरू | राम्रा पक्षहरू सन्तुष्टि विषयवस्तुमा भिन्नता<br>सहभागिता विद्यालयले गरेका कार्य<br>खेलेको भूमिका | हेर्ने दृष्टिकोण<br>परेको प्रभाव<br>सुधार भएको पक्ष<br>देखाएको सहभागिता<br>असल कार्यहरू<br>थप कार्यहरू | उत्साहित<br>जनाएको सहभागिता<br>खेलेका भूमिका<br>विद्यालयसँग सम्बन्ध गरेका क्रियाकलाप<br>गर्नुपर्ने प्रयासहरू | देखेका क्रियाकलाप<br>निरन्तर सकारात्मक पक्ष<br>थप्नुपर्ने पक्ष गर्नुपर्ने तरिका<br>प्राप्त हुने आशा | |

अनुसूची-२.१

प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

प्रधानाध्यापकको नाम : मिति :

विद्यालयको नाम : ठेगाना :

(क) नीतिसम्बन्धी :

१. नागरिक शिक्षाका बारेमा नेपालका विभिन्न शिक्षा आयोगका सिफारिसहरू तपाइलाई कस्तो लागेको छ ?

..............................................................................................................

२. नागरिक शिक्षाका लागि नेपालको शिक्षा ऐन नियमको व्यवस्था तपाइलाई कस्तो लाग्छ ?

- २०६३ भन्दा अघिका नीतिहरू
- २०६३ भन्दा पछिका नीतिहरू
- राष्ट्रिय स्तरका नीति, जिल्ला स्तरका विद्यालयहरूका नीतिहरू

**विद्यलायहरूका नीतिहरू :**

(३) विद्यालयका आचारसंहिता र नियमहरू के के छन् ?

..............................................................................................................

(४) अहिलेका राम्रा खालका नीति नियमहरू के के छन् ?

..............................................................................................................

(५) ती नीति नियमहरूका प्रभावहरू कस्तो परेका छन् ?

..............................................................................................................

(६) कस्ता नीतिनियमहरू भए नागरिक शिक्षाका लागि राम्रो हुन्थ्यो होला ?

..............................................................................................................

(७) ती नीतिनियमहरू कसरी बनाउन सकिन्छ होला ?

..............................................................................................................

(ख) पाठ्यक्रम सम्बन्धी :

(१) नागरिक शिक्षासम्बन्धी उद्देश्यहरू तपाइलाई कस्तो लाग्छ ?

राष्ट्रिय उद्देश्यः

- माध्यमिक उद्देश्य
- निम्नमाध्यमिक उद्देश्य
- विद्यार्थी उद्देश्य
- परिवारको उद्देश्य
- समुदायको उद्देश्य

(२) नागरिक शिक्षाका सन्दर्भमा अहिलेको विद्यालयस्तरको पाठ्यक्रम तपाइलाई कस्तो लाग्छ ?

- माध्यमिक तह
- निम्न माध्यमिक तह
- प्राथमिक तह
- अनिवार्य र ऐच्छिक सन्दर्भ

(३) नागरिक शिक्षाका लागि छुट्याइएका एकाई, पाठ्यभार र पूर्णाङ्क तपाइलाई कस्तो लाग्छ ?

- कक्षा ९
- कक्षा १०

(४) राम्रा विषयवस्तुहरू के के छन् ?

(५) तिनको प्रभाव कस्तो छ ?

(६) अरु कस्ता विषयवस्तु भए उपर्युक्त हुन्थ्यो होला ?

(७) ती विषयवस्तु कसरी समावेश गर्न सकिन्छ होला ?

**(ग) क्रियाकलाप सम्बन्धी**

(१) नागरिक शिक्षाका सन्दर्भमा विद्यालयस्तरमा विगत एक वर्षमा के के क्रियाकलापहरू गरिएका थिए ।

- ती क्रियाकलापहरू कसरी गरिए ?
- उक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता कस्तो थियो ?
- ती क्रियाकलापहरूको प्रभाव कस्तो रहयो ?
- ती क्रियाकलापमा राम्रा र महत्वपूर्ण क्रियाकलापहरू के के भए ?
- ती क्रियाकलापहरू बारे विद्यार्थीको धारणा कस्तो पाउनु भएको छ ?

(२) नागरिक शिक्षाका लागि विद्यालयले अन्य के के कार्यहरू गर्नुपर्छ ?

- कसरी गर्न सकिन्छ होला ?

अन्तर्वार्ता लिनेको नाम :

ठेगाना :

सही :

अन्तर्वार्ता दिनेको नाम :

सहिः

फोन नं. :

अनुसूची-२.२

शिक्षाका लागि प्रश्नावली

शिक्षकको नाम : मिति :

विद्यालयको नाम : ठेगाना :

विशिष्टीकरण विषय :

अध्यापनरत विषय :

पहिलो भाग

(१) नागरिक शिक्षासम्बन्धी ऐन नियमहरू के कस्ता छन् ?

..........................................................................................................

(२) नागरिक शिक्षा सम्बन्धी आयोगका सिफारिसहरू के कस्तो लाग्छ ?

..........................................................................................................

(३) उक्त शिक्षाका लागि बनेका राम्रा नीतिहरू के के होलान् ?

..........................................................................................................

(४) नागरिक शिक्षाका लागि कस्तो नीति बनाउनु पर्छ ?

..........................................................................................................

(५) ती नीतिहरू कसरी बनाउन सकिएला ?

..........................................................................................................

**दोस्रो भाग**

(१) नागरिक शिक्षाका लागि अहिलेको शिक्षाको उद्देश्य कस्तो छ ?

(क) राष्ट्रिय उद्देश्य ............ (ख) माध्यमिक ............

(ग) समुदायको उद्देश्य ............ (घ) निम्न माध्यमिक ............

(२) नागरिक शिक्षा सम्बन्धी एकाइहरू पाठ्यांश र पूर्णाङ्क के कस्तो छ ?

..........................................................................................................

(३) विद्यालयमा नागरिक शिक्षा सम्बन्धी कस्ता कस्ता विषयवस्तुका क्षेत्रहरू समावेश छन् ?

..........................................................................................................

(४) उक्त कुराहरूलाई कति जोड दिएको छ ?

..........................................................................................................

(५) नागरिक शिक्षाको विषयवस्तुले कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

## तेस्रो भाग

(१) नागरिक शिक्षाका लागि विद्यालयले कस्तो भूमिका खेलेको पाउनुहुन्छ ?

.................................................................................................................

(२) नागरिक शिक्षालाई सुदृढ पार्न विद्यलायले कस्तो प्रयासहरू गरेको छ ?

.................................................................................................................

(३) तपाईले विद्यालयभित्र नागरिक शिक्षा प्रवर्द्धन गर्न कस्तो तरिकाहरू अपनाउनु भएको छ ?

.................................................................................................................

(४) विद्यालयले नागरिक शिक्षाका लागि गर्नुपर्ने कार्यहरू के के हुन् ?

.................................................................................................................

(५) उपर्युक्त कुरा गर्ने तरिकाहरू के के हुन सक्छ ?

.................................................................................................................

| | |
|---|---|
| प्रश्नावली दिने व्यक्ति : | उत्तरदाता : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| सहि : | सहि : |
| | मिति : |
| | कार्यालय छाप : |

अनुसूची-२.३

विद्यार्थीको लागि प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

विद्यार्थीको नाम : छात्र [ ] छात्रा [ ]

(क) नीतिसम्बन्धी

१. असल नागरिक बनाउने सम्बन्धमा नेपाल सरकारक,ो नीति नियमहरू तिमीलाई कस्तो लाग्छ ?

.....................................................................................................

२. असल समाज बनाउनका लागि सरकारको अहिलेको नीति नियमहरू कस्तो लाग्छ ?

.....................................................................................................

३. असल समाजको असल नागरिक बनाउनका लागि सरकारको नीति र नियमहरू कस्तो भए राम्रो हुन्थ्यो होला ?

.....................................................................................................

४. ती नीतिनियमलाई कसरी निर्माण गर्दा राम्रो हुन्थ्यो होला ?

.....................................................................................................

(ख) विषयवस्तुसम्बन्धी

१. तिमीले नागरिक शिक्षासम्बन्धी विषयवस्तुहरू के के पढेका छौं ?

.....................................................................................................

२. नागरिक शिक्षासम्बन्धी कुन कुन विषयवस्तुहरू अध्ययन गर्न तिमहिरूलाई रुचि लाग्छ ?

.....................................................................................................

३. तिमीहरूको विचारमा नागरिक शिक्षाका लागि अन्य कस्ता विषयवस्तुहरूमा ध्यान दिनुपर्ला ?

.....................................................................................................

४. ती विषयवस्तुहरू कसरी पढ्न पाए राम्रो हुन्थ्यो होला ?

.....................................................................................................

(ग) क्रियाकलापसम्बन्धी

१. विद्यालयले गरेको क्रियाकलाप्रति तिमीहरूको धारणा कस्तो छ ?

.....................................................................................................

२. नागरिक शिक्षासम्बन्धी विद्यालयले गरेको राम्रा कार्यहरू के के होलान् ?

.....................................................................................................

३. नागरिक शिक्षासम्बन्धी विद्यालयले गरेका क्रियाकलाप्रति तिमीहरूले सहभागिता कस्तो छ ?

.......................................................................................................

४. ती क्रियाकलापहरू कसरी गरिदिएमा राम्रो हुन्थ्यो होला ?

.......................................................................................................

प्रश्नावली संकलन गर्ने व्यक्तिको नाम :

ठेगाना :

सही :

उत्तरदाताको नाम :

ठेगाना :

ठेगाना :

मिती :

कार्यालय छाप :

## अनुसूची-२.४

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यार्थीहरूको नाम :

(१) ........................... (२) ...........................

(३) ........................... (४) ...........................

(५) ........................... (६) ...........................

विद्यालयको नाम :

(क) नीतिसम्बन्धी

(१) नागरिक शिक्षाको नीतिको बारेमा तिमीहरूको धारणा र विचार के छ ?

(२) विद्यालयका आचार संहिताहरू के के छन् ?

(३) सुधार गर्नुपर्ने कुराहरू के के छन् ?

(ख) पाठ्यक्रम सम्बन्धी :

(१) नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरू के के छन् ?

- कक्षा ९ नेपाली
- स्वा.ज. तथा वातावरण
- सामाजिक
- अंग्रेजी
- अन्य

(२) उक्त विषयवस्तुहरू मध्ये कुन कुन विषयवस्तु नागरिक शिक्षाको लागि राम्रो लाग्छ ?

.........................................................................................................

(३) नागरिक शिक्षाका लागि कुन विषयमा राम्रो सँग दिएको जस्तो लाग्छ ?

.........................................................................................................

(४) नागरिक शिक्षाका लागि कस्तो विषयवस्तु हुनु आवश्यक छ ?

.........................................................................................................

(ग) विद्यालयका प्रयासहरू

(१) असल नागरिक बनाउनका लागि शिक्षकको कक्षाभित्र के के क्रियाकलाप गराउँछन् ?

.........................................................................................................

(२) असल नागरिक बनाउनका लागि शिक्षकले कक्षा बाहिर के के क्रियाकलाप गराउँछन् ?

.........................................................................................................

(३) उक्त क्रियाकलाप कसरी गराउँछन् ?

.....................................................................................................

(४) विद्यालयले के के क्रियाकलाप गर्नुआवश्यक छ ?

.....................................................................................................

(५) ती क्रियाकलापहरू कसरी गराउनुपर्छ ?

.....................................................................................................

सहभागीको सही :

## अनुसूची-२.५

## विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागि लक्षित समूह छलफल निर्देशिका

सहभागीको नाम :

(१) ............................ (२) ............................

(३) ............................ (४) ............................

(५) ............................ (६) ............................

(७) ............................ (८) ............................

(९) ............................

विद्यालयको नाम : ठेगाना :

(क) नीति सम्बन्धी

१. विद्यार्थीलाई असल नागरिक बनाउने बारेमा सरकारका नीतिनियमहरू के के छन् जस्तो लाग्छ ?

- ती नीति नियमका कुराहरू तपाइलाई कस्तो लाग्छ ?
- राम्रा राम्रा नीति नियमहरू के के छन् ?
- सरकारका के के नीति नियमहरू हुनुपर्छ ?
- कसरी त्यस्ता नीतिनियम बनाउन सकिन्छ ?

(क) पाठ्यक्रम सम्बन्धी

(१) परिवारको चाहना कस्तो छ ?

(२) विद्यार्थीको चाहना कस्तो छ, होला ?

(३) कुन कुन समुदायको चाहना कस्तो छ ?

(४) शिक्षाको उद्देश्य कस्तो हुनुपर्छ ?

(५) असल नागरिक बन्नका लागि विद्यार्थीहरूले के के विषयवस्तु पढेका छन् ?

(६) असल नागरिक बनाउनका लागि आवश्यक विषयवसतुहरू के के हुनुपर्छ होला ?

(७) ती कुराहरू कसरी सिकाउनु राम्रो हुन्छ ?

(ग) विद्यालयका प्रयासहरू

(१) विद्यालय जाने गरेपछि बालबालिकाको कुन कुन व्यवहारमा कस्तो परिवर्तन भए जस्तो लाग्छ ?

(२) विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के के कार्यहरू गर्दै आएको छ ?

- अरु के के गर्नु आवश्यक छ ?
- कसरी गर्न सकिन्छ ?

सहभागीहरूको सही : मिति :

अनुसूची-२.६

स्रोत व्यक्तिका लागि अन्तर्वार्ता निर्देशिका

स्रोत व्यक्तिको नाम : मिति :

ठेगाना :

(क) नीति सम्बन्धी

(१) नागरिक शिक्षाका बारे.मा नेपालमा विभिन्न शिक्षाका आयोगका सिफारिसहरू कस्ता छन् ?

(२) नागरिक शिक्षाका लागि नेपालको शिक्षा ऐन र नियमको व्यवस्था तपाइलाई कस्तो लाग्छ ?

- २०६३ भन्दा अघि र पछिका नीतिहरू तपाइलाई कस्तो लाग्छ ?
- राष्ट्रिय स्तरको नीति
- जिल्ला स्तरको नीति
- विद्यालय स्तरको नीति
- आचारसंहिता कस्तो लाग्छ ?

(३) सुधार गरिएका नीतिहरू के के छन् ? र ती नीतिहरू कस्तो लाग्छ ?

(४) अहिलेका राम्रा खालका नीतिहरू के के छन् ?

(५) ती नीतिहरूका प्रभावहरू कस्तो परेका छन् ?

(६) कस्तो नीति नियमहरू भए नागरिक शिक्षाका लागि राम्रो हुन्थ्यो होला ?

(७) ती नीति नियमहरू कसरी बनाउन सकिन्छ होला ?

**(ख) पाठ्यक्रम सम्बन्धी**

(१) नागरिक शिक्षासम्बन्धी उद्देश्यहरू कस्तो लाग्छ ?

(२) अहिलेको विद्यालय स्तरको पाठ्यक्रम तपाईलाई कस्तो लाग्छ ?

(३) नागरिक शिक्षाका लागि छुट्याएका एकाई पाठ्यक्रमभार र पूर्णाङ्क कस्तो लाग्छ ?

**(ग) विद्यालयका प्रयासहरू**

(१) यस जिल्ला भरिका स्रोत केन्द्रमा विगत एक वर्षमा नागरिक शिक्षासम्बन्धी क्रियाकलापहरू के के गरिएका थिए ?

- उक्त क्रियाकलापहरू कसरी गरिए ?
- त्यसमा सहभागिता कस्तो थियो ?
  - शिक्षक
  - प्रधानाध्यापक
  - विद्यार्थी
  - अभिभावक

- शिक्षकको व्यवहार कस्तो लाग्छ ?
- विद्यार्थीको व्यवहार कस्तो लाग्छ ?

(२) विद्यालयको वातावरण कस्तो लाग्छ ?

(३) विद्यालयका के के क्रियाकलापहरू राम्रा र महत्वपूर्ण छन् ?

- गर्नुपर्ने कार्यहरू के के छन् ?
- गर्ने तरिकाहरू के के छन् ?

अन्तर्वार्ता दिने नाम : मिति :

ठेगाना : फोन :

सहि :

अनुसूची ३

३.१ प्रधानाध्यापकको विवरण

| | नाम | विद्यालय | ठेगाना |
|---|---|---|---|
| १ | टेकनाथ अधिकारी | शंकर उच्च मा.वि. जलजले १ तेह्रथुम | जलजले ५, तेह्रथुम |
| २ | भीम प्र. भट्टराई | ग्राम सुधार मा.वि., जलजले ५, पौदिन | ओयाङ्कजङ्ग-१, सुर्के, तेह्रथुम |

३.२ श्री शंकर उच्च मा.वि.का शिक्षकहरूको विवरण

| | **नाम** | **विषय** | **ठेगाना** |
|---|---|---|---|
| १ | भुपेन्द्र बुढाथोकी | सामाजिक शिक्षा | जलजले ३, तेह्रथुम |
| २ | रामानन्द तिवारी | विज्ञान | जलजले १ तेह्रथुम |
| ३ | निरञ्जन खड्का | स्वास्थ्य, जनसंख्या तथा वातावरण | मोराहाङ्ग ७ तेह्रथुम |
| ४ | संजय झा | गणित | सर्लाही |
| ५ | नरेश लिम्बु | अंग्रेजी | ओयाकजुङ्ग २ |
| ६ | दिनेश फुयाल | नेपाली | पञ्चकन्या २, तेह्रथुम |
| ७ | रुकमणी आचार्य | अर्थशास्त्र | जलजले ९ गैरीगाउँ |
| ८ | शंकर भट्टराई | नागरिक शास्त्र | जलजले ३, तेह्रथुम |

३.३ श्री शंकर उच्च मा.वि.का विद्यार्थीहरूको विवरण

| क्र.सं. | विद्यार्थीको नामावली | कक्षा |
|---|---|---|
| १ | प्रमिला बस्नेत | १० |
| २ | सोभा भुजेल | १० |
| ३ | निशा भट्टराई | १० |
| ४ | रुपेश दाहाल | १० |
| ५ | नेहा मगर | १० |
| ६ | विनिता राइ | १० |
| ७ | पुनम वि.क. | १० |
| ८ | सज्जन शेरचन | १० |
| ९ | सञ्जु के.शी | ९ |
| १० | अनिशा बराल | ९ |
| ११ | विकास चउलागाइ | ९ |
| १२ | हेमेन्द्र कुवँर | ९ |
| १३ | सविता खड्का | ९ |
| १४ | लक्की लामा | ९ |
| १५ | सरु लामिछाने | ९ |

३.४ ग्रामसुधार मा.वि.का शिक्षकहरूको विवरण

| क्र.सं. | शिक्षकको नामावली | विषय | कक्षा |
|---|---|---|---|
| १ | होमकुमारी वराल | गणित | पौदिन ५, तेह्रथुम |
| २ | टेकनाथ अधिकारी | नेपाली | जलजले पौदिन ५ |
| ३ | मनिशा पौडेल | सामाजिक शिक्षा + नागरिक शास्त्र | आयोङ्गजुङ्ग २ सिलगुढी, तेह्रथुम |
| ४ | पुष्पलाल कार्की | अंग्रेजी | पौठाक ३, लावृ, तेह्रथुम |
| ५ | डनु गौतम | भूगोल+ नागरिकशास्त्र | आम्बुङ, ८, डाडाँगाउँ, तेह्रथुम |
| ६ | गणेश राई | अर्थशास्त्र | धनकुटा |
| ७ | ज्योति बानिया | स्वास्थ्य, जनसंख्या शिक्षा | जलजले ८ ओसिन्दुम्बा, तेह्रथुम |

३.५ श्री ग्राम सुधार मा.वि.का विद्यार्थीहरूको विवरण

| क्र.सं. | विद्यार्थीको नामावली | कक्षा |
|---|---|---|
| १ | गणेश पुनमगर | १० |
| २ | प्रभात रिमाल | १० |
| ३ | लक्ष्मण थापा | १० |
| ४ | आशिष पराजुली | १० |
| ५ | गोनिक्स धमाल | १० |
| ६ | सागर नेपाल | १० |
| ७ | मधुपुन मगर | १० |
| ८ | युवराज लम्साल | ९ |
| ९ | झोकेन्द्र थापामगर | ९ |
| १० | गंगा पौडेल | ९ |
| ११ | रोशनी पंधाक | ९ |
| १२ | नीशा नेपाली | ९ |
| १३ | सञ्जु नेपाल | ९ |
| १४ | दिनेश फुयाल | ९ |

३.६ लक्षित समूह छलफलमा सहभागी विद्यार्थी विवरण
श्री शंकर उच्च मा.वि.

| क्र.सं. | विद्यार्थीको नामावली | कक्षा |
|---|---|---|
| १ | प्रमिला बस्नेत | १० |
| २ | सोभा भूजेल | १० |
| ३ | निशा भट्टराई | १० |
| ४ | नेहा मगर | १० |
| ५ | सञ्जय के.शी. | १० |
| ६ | रमेश दाहाल | १० |
| ७ | विकास चउलागाई | ९ |
| ८ | हेमेन्द्र कुँवर | ९ |
| ९ | सर्विन लामा | ९ |
| १० | सरु लामिछाने | ९ |
| ११ | सविना खड्का | ९ |
| १२ | सिमा तामाङ | ९ |

३.७ श्री शंकर उच्च मा.वि.का छलफलमा सहभागी विद्यालय व्यवस्थापन समिति सदस्यहरूको विवरण

| क.सं. | सदस्यहरूको नामावली | पद |
|---|---|---|
| १ | राज्य प्र.लिम्बु | अध्यक्ष |
| २ | कल्पना ढकाल | सदस्य |
| ३ | सर्पिला रहपाल | सदस्य |
| ४ | तीर्थ राइ | सदस्य |
| ५ | लक्ष्मी दुलाल | सदस्य |
| ६ | डेनु गौतम | सदस्य |
| ७ | ईश्वरी दुलाल | सदस्य |
| ८ | भगिरथा नेपाली | सदस्य |

३.८ श्री ग्राम सुधार मा.वि.का छलफलमा सहभागी विद्यालय व्यवस्थापन समितिका सदस्यको विवरण

| **क.सं.** | **स्दस्यहरूको नामावली** | **पद** |
|---|---|---|
| १ | नरेश वि.क. | अध्यक्ष |
| २ | भोगेन्द्र खति | सदस्य |
| ३ | डिकमाया | सदस्य |
| ४ | प्रमिला तामाङ | सदस्य |
| ५ | उमा भुजेल | सदस्य |
| ६ | विर्खबहादुर लिम्बु | सदस्य |
| ७ | टोम दाहाल | सदस्य |
| ८ | सविता अधिकारी | सदस्य |

३.९ अन्तर्वार्तामा सहभागी विद्यालय स्रोत व्यक्तिको विवरण

| **नाम** | **विद्यालयको नाम** | **ठेगाना** |
|---|---|---|
| टंक प्रसाद भट्टराई | श्री शंकर उ.मा.वि. जलजले १ | श्रीजुङ्ग ५, तेह्रथुम |
| | श्री ग्राम सुधार मा.वि., जलजले-५, पौदिन, तेह्रथुम | |